
जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com








वर्ष २७ • अंक ३२६ • २०८३ साल बैशाख १२ गते शनिबार (25 April, Saturday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-


## आज जानकी नवमी



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रत्येक वर्ष वैशाख शुक्ल नवमीका दिन मनाइने राष्ट्रिय विभूति सीता उत्पत्ति दिवस तथा जयन्ती शनिबार सीताप्रति श्रद्धाका साथ भक्तिपूर्वक पूजा अर्चना गरी मनाइँदैछ । यस दिनलाई जानकी नवमी पनि भनिन्छ ।

त्रेतायुगमा मिथिलाका राजा जनकले ठूलो यज्ञ गरी विधिपूर्वक खेत जोत्ने क्रममा जनकपुरस्थित एक खेतमा सीताको उत्पत्ति भएको कथा रामायणलगायत वैदिक दर्शनका धर्मग्रन्थ एवं पुराणमा वर्णन गरिएको छ ।

सीता उत्पत्ति भएको दिनलाई सीता जयन्तीको रूपमा देशव्यापी रुपमा जानकी मन्दिरसंगै रामजानकी मन्दिरमा विशेष पूजाअर्चना गरी पर्व मनाइन्छ । जनकपुरधामस्थित जानकीमन्दिरमा विशेष पूजाअर्चनासहित भव्य रुपमा मनाइँदै आएको छ । यस दिनमा श्रद्धालु भक्तजनहरुको जानकी मन्दिरमा घुइँचो नै लाग्ने गर्छ । सांस्कृतिक, धार्मिक तथा प्राचीन ग्रन्थको पात्र सीताको योगदानलाई स्मरण गर्दै सरकारले उनलाई राष्ट्रिय विभूतिका रूपमा सम्मान दिएको छ ।

सीतालाई सत्यवती, पतिव्रता एवं आदर्श नारीका रूपमा सम्मान गरिन्छ । अयोध्याका राजा दशरथका छोरा राजकुमार श्रीरामसंग सीताको विवाह भएको थियो । पितृ आज्ञा पालना गर्न राम वनबास जाँदासंगै गएकी सीताले रावणबाट हरण हुँदा पनि पतिव्रता धर्म नत्यागेको कथा पुराणमा उल्लेख गरिएको छ ।

रावणासहित राक्षसमाथि विजयी प्राप्त गरी अयोध्या फर्केपछि राजा रामलाई लोकनिन्दाले काम गर्न असहज नहोस् भन्दै सीताले महारानीको पद त्याग गरेर गर्भिणी भए पनि वनवास हिँडेकाले आदर्श नारीका रूपमा सम्झना गरिन्छ ।

अयोध्या त्याग गरे पनि मन, वचन र कर्मले पति रामप्रति समर्पित रहेको, लव र कुश दुई छोरालाई वाल्मीकि आश्रममा राखेर शिक्षादीक्षाले निपुण बनाइ अयोध्या फर्काएका कारण पनि सीताको भूमिकाले सबै नारीलाई सम्मानित बनाएको शास्त्रमा उल्लेख रहेको छ ।

अयोध्यामा आएका लव र कुशले रामायणको कथा एवं सीता निर्दोष भएर पनि वनमा बस्नुपरेको करुण गीत सुनाएपछि प्रजाको माग अनुसार सीतालाई ऋषि वाल्मीकिसहित दरबारमा बोलाइएको थियो ।

दरबार आएकी सीताको भव्यतापूर्वक अयोध्यावासीले स्वागत गरे पनि केहीले पवित्रताको विषयमा प्रश्न उठाएपछि सीताले 'म पवित्र छु भने हे धर्तीमाता मलाई आफ्नो कोखमा लिनुस्' भनी आह्वान गरी पृथ्वीभित्र लोप भएको वर्णन वैदिक ग्रन्थमा उल्लेख गरिएको छ ।

### काठमाण्डु-तराई फास्ट ट्रयाक

## शुरुमा दुई लेन चल्ने, अर्को चरणमा निर्माण पूरा गरिने

**टुडे समाचारदाता**


जनकपुरधाम । संघीय राजधानी काठमाण्डुलाई तराईसंग जोड्ने लक्ष्य लिएर थालिएको काठमाण्डु-तराई फास्ट ट्र्याक समयमै बन्न नसकेपछि सरकारले वैकल्पिक उपायबाट छिटो सञ्चालनमा ल्याउने भएको छ ।

पछिल्लो पटक थप गरिएको म्यादमा पनि फास्ट ट्र्याक सम्पन्न नहुने निष्कर्षसहित सरकारले एकै पटक चार लेन बनाउनु भन्दा पहिलो चरणमा दुई लेनको सडक बनाएर यातायात सञ्चालन गर्ने योजना अघि सारेको छ ।

सो योजनामा अहिले राष्ट्रिय योजना आयोगले कामलाई तीव्रता दिएको छ । द्रुतमार्गको निर्माणमा भइरहेको ढिलाइका कारण आम नागरिकले पाउनुपर्ने सेवा नभएको भन्दै यस्तो प्रस्ताव भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमार्फत नेपाली सेनालाई पठाउन लागिएको आयोगले जनाएको छ ।

तत्काल दुई लेन सडक निर्माण गरेर सञ्चालन गर्दा सेनाले ढिलाइको अपजस लिनु नपर्ने र नागरिकले पनि छोटो बाटोबाट यात्रा गर्न पाउने उनले बताए ।

जतिसक्दो चाँडो काम थाल्दा पनि दुई लेनको सडक २०८४ सम्म तयार गर्न सकिने आयोगले जनाएको छ । फास्ट



ट्र्याकको म्याद २०८३ चैत मसान्तसम्म रहेको छ । तर यस अवधिमा पनि काम सम्पन्न हुने निश्चित छैन । २०८२ माघ मसान्तसम्म फास्ट ट्र्याकको भौतिक प्रगति ४५.८६ प्रतिशत मात्र हासिल भएको सेनाले जनाएको छ । खोकना-डुकुछाप खण्डमा स्थानीयले धार्मिक एवं सांस्कृतिक कारण देखाई जग्गा अधिग्रहणमा अवरोध गर्दा यस खण्डमा पर्ने प्याकेज नम्बर ११ को निर्माणको लागि हालसम्म खरिद प्रक्रिया अघि बढ्न सकेको छैन ।

विगतदेखि फास्ट ट्र्याकमा भइरहेको ढिलासुस्तीका कारण डीपीआर संशोधन गरेर भए पनि २०८६ सम्म सडक पूर्ण रुपमा निर्माण भएर यातायात सञ्चालन गर्न

> तत्काल दुई लेन सडक निर्माण गरेर सञ्चालन गर्दा सेनाले ढिलाइको अपजस लिनु नपर्ने र नागरिकले पनि छोटो बाटोबाट यात्रा गर्न पाउने उनले बताए ।

कठिन हुने आयोगले जनाएको छ ।

फास्ट ट्र्याक बाहिरी चक्रपथसंग जोड्ने गरी डिजाइन गरिएको थियो । बाहिरी चक्रपथको काम अघि बढ्नसकेको छैन ।

औसतमा फास्ट ट्र्याकबाट १० देखि १२ हजार गाडी गुड्ने बताइन्छ । केही वर्षका लागि दुई लेनको सडकले सवारी चाप थेग्ने सक्ने आयोगको दाबी छ । पहिलो चरणमा दुई लेनको सडक मात्र बनाउँदा २०८५ सालसम्म फास्ट ट्र्याकबाट गाडी गुडाएर सेवा दिन सकिने भएको छ ।

काठमाण्डु-तराई/मधेश द्रूतमार्गको जिम्मा नेपाली सेनाले लिएसंगै दुई पटक म्याद थप भइसकेको छ । सेनालाई २०७८ वैशाखभित्र द्रुतमार्ग सम्पन्न गर्ने गरी २०७४ वैशाख २१ गते निर्माणको जिम्मा लिएको थियो ।

डीपीआर निर्माणमा हुन गएको ढिलाइका कारण पहिलो पटक २०८१ मंसिरसम्म म्याद थप गरिएको थियो । उक्त समयमा काम नसकिएपछि २०८३ चैतसम्म म्याद थपिएको छ । अब द्रुतमार्ग निर्माण गर्न सेनासंग एक वर्षको समय मात्र बाँकी छ । आधाभन्दा बढी काम बाँकी रहेकाले यस अवधिमा पनि द्रुतमार्ग निर्माण गर्न सम्भव छैन ।

सेनाले द्रुतमार्गको म्याद २०८६ सम्म थप्ने तयारी गरेको छ । यसका लागि सेनाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सहमतिमा रक्षा मन्त्रालयमार्फत मन्त्रिपरिषद् मा प्रस्ताव लैजाने तयारीमा रहको स्रोतको दाबी छ ।

## अतिक्रमित जग्गा खाली गराइदिन ताकेता

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराज नगरपालिका-७ स्थित अतिक्रमित जग्गा खाली गराउन कोष तथा लेखा नियन्त्रक कार्यालयले दोश्रो पटक राजविराज नगरपालिकालाई ताकेता गरेको छ ।

तीन महिनाभन्दा बढी समय वित्दा पनि नगरपालिकाले अतिक्रमण हटाउने प्रक्रिया शुरु नगरेको भन्दै तत्कालै कारबाही प्रक्रिया अघि बढाउन आग्रह गरेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन र जिल्ला प्रशासनको निर्णयपछि समेत नगरपालिकाले अतिक्रमित जग्गा खाली गराउन बेवास्ता गर्दै आएको छ ।

यसअघि कार्यालयले गत पुस ३० मा नगरपालिकालाई पत्राचार गर्दै अतिक्रमित २ कठ्ठा १४ धुर जग्गामा रहेको घर टहरा हटाइदिन नगरपालिकालाई आग्रह गरेको थियो । तर ३ महिनाभन्दा बढी समय बितिसक्दा पनि नगरपालिकाले अझैसम्म अतिक्रमण हटाउन प्रक्रियासम्म अघि नबढाएको जनाएको छ ।

कोलेनिकाका प्रमुख कोष नियन्त्रक मनोजकुमार सुनुवारले गत बुधबार फेरि पत्राचार गर्दै यथासम्भव चाँडै कारबाही प्रक्रिया अगाडि बढाइदिन आग्रह गरे ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालले टुंगो लगाइसकेको आधारमा २०८२ मंसिर २२ गते प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलको संयोजकत्वमा बसेको बैठकबाट समेत निर्णय गरेर सो जग्गाको अतिक्रमण खाली गराइदिन नगरपालिकालाई आग्रह गरिएको थियो । तर नगरपालिकाले शुरुदेखि नै बेवास्ता गर्दै आएको छ ।

जग्गाधनी श्रेस्ताअनुसार राजविराज नगरपालिकाको साविक वडा नम्बर ७ (हाल ६) को कित्ता नम्बर ९० मा ६ कठ्ठा ६ धुर जग्गा कालेनिकाका नाममा रहेको छ ।

## मधेश प्रदेशसभाको अधिवेशन मध्यरातदेखि अन्त्य

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशसभाको चालु अधिवेशन शुक्रबार मध्यरातदेखि अन्त्य भएको छ । मधेश प्रदेश सभाको चालु छैटौं अधिवेशन अन्त्य भएको छ ।

प्रदेश सरकारको सिफारिसका आधारमा प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले उक्त अधिवेशन अन्त्य गर्ने निर्णय गरेका छन् ।

प्रदेश प्रमुखको कार्यालयले जनाए अनुसार मधेश प्रदेश सरकारको वैशाख ९ गते बसेको बैठकले प्रदेश सभाको छैटौं अधिवेशन अन्त्य गर्न सिफारिस गरेको थियो ।

सोही सिफारिस अनुसार नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश प्रमुखबाट अधिवेशन अन्त्य गरिएको छ । सो निर्णय वैशाख ११ गते शुक्रबार राति १२ बजेदेखि लागु हुने गरी कार्यान्वयनमा ल्याइएको प्रदेश प्रमुखको कार्यालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

मधेश प्रदेश सभाको अधिवेशन अन्त्यसंगै अब नयाँ अधिवेशन बोलाउने तयारी सरकारकोतर्फबाट अगाडि बढाइने छ । तर प्रदेशसभाको कहिलेदेखि नयाँ सत्र सञ्चालन गर्ने खुलाइएको छैन ।


Under the Management of J.E.F Pvt. Ltd

**SIDDHARTHA SHISHU SADAN**

**BOARDING SECONDARY SCHOOL**

Janakpurdham-01

नववर्ष २०८३ को उपलक्ष्यमा सम्पूर्ण अभिभावक, शिक्षक, विद्यार्थीवर्ग, नगरवासी तथा शुभचिन्तकहरुमा यहाँहरुको उत्तरोत्तर प्रगति तथा सु-स्वास्थ्यको लागि हार्दिक मंगलयम शुभकामना व्यक्त गर्दछौं ।

४५ वर्षको गरिमामय शैक्षिक इतिहास पूरागरी ४६ औं वर्षमा प्रवेश गरेको यस सिद्धार्थ शिशु सदनले "एक नारी शिक्षित भए परिवार नै शिक्षित हुने" मान्यतालाई मध्यनजर गर्दै यस शैक्षिक सत्र २०८३ मा पनि विगत् झैं छात्राहरुको नामांकन शुल्कमा ५०% छुटको व्यवस्था गरिएको सहर्ष जानकारी गराइन्छ ।

**शैक्षिक सत्र २०८३ भर्ना सम्बन्धि सूचना**

१. नर्सरी देखि कक्षा ९ सम्म सिमिट सिटको लागि मात्र नयाँ भर्ना लिइनेछ ।
२. प्रवेश परीक्षाको फारम वितरण : मिति २०८३-०१-०८ गते मंगलवार देखि
३. प्रवेश परीक्षाको किसिम
   (क) नर्सरी देखि कक्षा ५ सम्म - मौखिक मात्र
   (ख) कक्षा ६ देखि कक्षा ९ सम्म - लिखित र मौखिक दुवै ।
४. प्रवेश परीक्षा मिति :- २०८३-०१-१२ गते शनिवार
   (क) पहिलो सत्र (First Shift) :- विहान ०८:०० वजे देखि ११:०० वजे सम्म
   (ख) दोश्रो सत्र (Second Shift) :- दिउँसो १:०० वजे देखि ४:०० वजे सम्म
५. प्रवेश परीक्षाको नतिजा (Result) प्रकाशन :- मिति २०८३-०१-१३ बिहान ८ वजे
६. नामाङ्कन प्रारम्भ :- मिति २०८३-०१-१५ गते विहान ७ वजे देखि

विस्तृत जानकारीका लागि अभिभावक स्वयंले विद्यालयको समयमा वा कार्यालयको फोन नं. ९८५४०२८७७२/९८५४०२६५६५/९८४४२६०९६९/९८४४०३९८८७/९८०१६७४६५८/ ९८०४८९०१८१/ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

यातायातको सुविधा
जनकपुरधाम नगरपालिका भित्र तथा नगरबाहिर महेन्द्रनगर, पर्सा ,पिपरा, भोइल, तेतरीया, धुमौना, कुर्था सम्म

प्राचार्य
**सिद्धार्थ शिशु सदन**
भानुचौक, जनकपुरधाम-१
Ph.no.: 041-522969, 525064,
Mob. 9801622969, 9801674658



# मधेशसहित तराई क्षेत्रमा तातो लहर चल्ने पूर्वानुमान

**टुडे समाचारदाता**

जनकपुरधाम । मुलुकमा पश्चिमी र स्थानीय वायुको आंशिक प्रभाव रहेको छ । मधेश प्रदेशसहित हिमाली भू-भाग तथा कोशी प्रदेश क्षेत्रमा आंशिक बादल लागेको छ । देशका अन्य भागमा मुख्यतया मौसम सफा रहेको छ ।



जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार शनिबार कोशी प्रदेशलगायत हिमाली र पहाडी भागमा साधारणतया बादल लाग्ने र बाँकी तराई भागमा आंशिक बादल लाग्नेछ ।

कोशी प्रदेशका हिमाली र पहाडी भागका केही, बागमती र गण्डकी प्रदेशका हिमाली र पहाडी भाग तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भेग, कोशी प्रदेशका तराईका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा एवं हिमपातको सम्भावना छ ।

यसैगरी, मधेस प्रदेशलगायत बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका तराईका साथै उपत्यका र खोचहरूमा तापक्रम बढ्ने सम्भावना छ । लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रमा तातो लहरको सम्भावना छ ।

आज राति देशका हिमाली भागमा साधारणतया बादल लाग्ने, पहाडी क्षेत्रमा आंशिक बादल लाग्ने र तराईमा मुख्यतया मौसम सफा रहनेछ । कोशी र गण्डकी प्रदेशका हिमाली भेगका केही स्थानमा हल्का वर्षा र हिमपातको सम्भावना छ ।

# लहान नगरपालिका र विल्डअन नेपालबीचको साझेदारीमा विद्यालय भवन निर्माण शुरु

सिरहा । विद्यालय भवनको अभाव र जीर्ण अवस्थालाई मध्यनजर गर्दै यहाँको लहान नगरपालिकाले गैरसरकारी संस्था 'विल्डअन' नेपालसँगको सहकार्यमा एकैपटक पाँच वटा आधारभूत विद्यालयका भवन निर्माण कार्यलाई तीव्रता दिएको छ ।



लहान-१५ स्थित राजदेवी आधारभूत विद्यालय र सोभापुरको बाबा सन्यासी आधारभूत विद्यालयमा तीन कोठे भवन तथा दुई कोठे शौचालय निर्माणको विल्डअनकी केन्द्रीय निर्देशक निर्मला चौधरी र लहानका नगरप्रमुख महेशप्रसाद चौधरीद्वारा संयुक्त रूपमा शिलान्यास गरिएको छ । भवन निर्माणका लागि संस्था, नगरपालिका र स्थानीय समुदायबीच त्रिपक्षीय सम्झौतामा हस्ताक्षर गरिएको छ ।

यसअघि गत चैतमा लहानको वडा नं १, २ र ४ को क्रमशः आधारभूत विद्यालय सिंगराही मटियर्वा, भानु आधारभूत विद्यालय र मधेस सहिद विजय सहनी आधारभूत विद्यालय भवनको शिलान्यास भइसकेको छ । विल्डअन नेपालले सन् २०२६ भित्र मधेश प्रदेशमा कूल ४० वटा आधार भूत विद्यालयका भवन निर्माण गर्ने लक्ष्य राखेको छ, जसमा सिराहामा मात्र २० वटा भवन बनाइने योजना छ ।

ग्रामीण क्षेत्रमा शिक्षाको पहुँच विस्तार गर्ने उद्देश्यले भवन निर्माणमा सहयोग गरिएको बताउँदै निर्देशक निर्मला चौधरीले भन्नुभयो, "विद्यालय भवन अभाव, जीर्ण अवस्था र विद्यार्थी सङ्ख्यालाई ध्यानमा राखेर हामीले भवन निर्माणमा सहयोग गर्दै आएका छौँ । लहानबाट यो अभियान सुरु भइसकेको छ र अन्य स्थानमा विद्यालय व्यवस्थापन समिति र प्रशासनसँग छलफल भइरहेको छ ।"

उहाँले निर्माण कार्य तीन महिना १६ दिनभित्र सम्पन्न गर्ने लक्ष्य रहेको र यी आयोजना सकिएपछि वार्षिक रूपमा थप भवनहरू बनाउँदै लैजाने जानकारी दिनुभयो । भवन निर्माणका लागि प्रतिविद्यालय अनुमानित रु ४९ लाख ९८ हजार रूपैयाँ लागत लाग्नेछ, जसमा संस्थाले रु ३३ लाख ९७ हजार र नगरपालिकाले रु १५ लाख योगदान गर्नेछन् । निर्माण कार्यमा छड, सिमेन्ट र फर्निचरजस्ता सामग्री संस्थाले उपलब्ध गराउनेछ भने स्थानीय तहले बालुवा, गिट्टी र ढुङ्गाको व्यवस्था गर्नेछन् । स्थानीय समुदायको अपनत्व र दिगोपना सुनिश्चित गर्न जनश्रमदानलाई अनिवार्य गरिएको छ । विद्यालय छनोटका लागि न्यूनतम १२० जना विद्यार्थी सङ्ख्या हुनुपर्ने मापदण्ड राखिएको छ ।

नगरप्रमुख महेशप्रसाद चौधरीले शैक्षिक क्षेत्रमा संस्थाले पुऱ्याएको योगदानप्रति आभार व्यक्त गर्दै भन्नुभयो, "सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सुधारविना गुणस्तरीय शिक्षा सम्भव हुँदैन । यस प्रकारको साझेदारीले शिक्षाको स्तर उकास्न सहयोग पुग्नेछ । नगरपालिकाको तर्फबाट आवश्यक स्रोतसाधन र सहकार्यमा कुनै कमी हुन दिइने छैन ।"

अमेरिकी अन्तरराष्ट्रिय गैरनाफामूलक संस्था 'विल्डअन' ले विकासोन्मुख देशहरूमा विद्यालय पूर्वाधार निर्माण गर्ने आफ्नो अभियानअन्तर्गत हालसम्म नेपालका सुदूरपश्चिम र लुम्बिनी प्रदेशलगायतका क्षेत्रमा ४५७ वटा विद्यालय भवन निर्माण गरिसकेको छ भने हाल बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा थप १५ वटा भवनहरू निर्माणाधीन रहेका छन् । सन् १९९४ देखि विद्यालय संरचना निर्माण र साक्षरता अभियानमा निरन्तर सक्रिय रहँदै आएको यस संस्थाले समाज कल्याण परिषद्बाट अनिवार्य स्वीकृति लिएर मात्र आफ्नो निर्माण प्रक्रिया अगाडि बढाउने गरेको छ । संस्थाका स्वयंसेवकहरू प्रत्यक्ष रूपमा फिल्डमा खटिएर स्थानीय समुदायसँगको घनिष्ठ सहकार्यमा निर्माण कार्य सम्पन्न गर्ने शैली अपनाउँदै आएको जानकारी गराइएको छ । रासस

# व्हीलचेयर प्रदान

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी जिल्लामा अपांगता भएका दर्जनौं व्यक्तिहरूलाई हीलचेयर वितरण गरिएको छ । नेपाल-भारत महिला मैत्री समाजको आयोजनामा शुक्रबार महोत्तरीको सोनमा गाउँपालिकामा अपांगहरुलाई व्हील चेयर वितरण गरिएको छ ।



स्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा आयोजित कार्यक्रममा १७ जना अपांगता भएका व्यक्तिहरूलाई व्हीलचेयर प्रदान गरिएको हो । समाजकी अध्यक्ष तथा पूर्वमन्त्री चन्दा चौधरीले कार्यक्रमलाई सम्बोधन गर्दै समाजले आवश्यकता अनुसार विभिन्न समयमा सामाजिक सेवाका कार्य गर्दै आएको बताइन् ।

उनले भूकम्प, कोभिड-१९ महामारी लगायतका कठिन समयमा पनि आफूहरूले सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग गरेको उल्लेख गरिन् । कार्यक्रम सशस्त्र प्रहरी बल नेपाल नम्बर ९ महोत्तरीको समन्वयमा सम्पन्न भएको हो ।

कार्यक्रममा सोनमा गाउँपालिकाकी उपाध्यक्ष अनिता कुमारी यादव, वडा नम्बर ३ का अध्यक्ष राम प्रमोद सहनी, सशस्त्र प्रहरी बल नेपाल नं. ९ महोत्तरीका प्रमुख प्रहरी उपरीक्षक शेर बहादुर अधिकारी, सीमा सुरक्षा गुल्म रघुनाथपुरका गुल्मपति प्रहरी नायब उपरीक्षक गणेश पाण्डे, राष्ट्रिय अपांग संघका प्रतिनिधि तथा विद्यालयका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सहभागी वक्ताहरूले अपांगता भएका व्यक्तिहरूको सहज जीवनयापनका लागि गरिएको यस प्रकारको सहयोग महत्वपूर्ण रहेको भन्दै आयोजक संस्थाप्रति धन्यवाद व्यक्त गरेका थिए ।

# चोरी भएको सामान भेटियो

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम ९ मा संचालित सीता होस्पीटलको चोरी भएको सामान भेटिसकिएको जनाइएको छ । वैशाख १ गते राति सो होस्पीटलबाट सामानहरु चोरी भएको थियो ।

नयाँ वर्षको उपलक्ष्यमा सार्वजनिक विदा र होस्पीटलमा बिरामीका नरहेको कारण बन्द रहेको अवस्थामा राति करीब पौने १२ बजेट तिर सामानहरु चोरी भएको हस्पीटलका व्यवस्थापक नेत्रप्रसाद यादवले जनाएको छ ।

उनले चोरी विरुद्ध जिल्ला प्रहरी कार्यालय धनुषामा विभिन्न व्यक्तिहरुलाई प्रतिवादी बनाई उजुरी समेत दर्ता गराएका थिए । होस्पीटलबाट फोटो कपी मेसिन, कम्प्यूटर र फर्निचर सहित ऐनेस्थिया, अल्ट्रासाउण्ड मेसिन लगायतका उपचार सामाग्रीहरु करीब ४ लाख रुपैया बराबरको सामानको चोरी भएको थियो ।

पिडीत यादवले चोरी भएका मध्ये केही सामानहरु भेटिएको छ भने केही सामान भेटन बाँकी रहेको छ । यता प्रहरीले घटना बारे अनुसन्धान भइरहेको जनाएको छ ।

# प्रमुख पोखरेलको विदाई



**टुडे समाचारदाता**

जनकपुरधाम । शिक्षा विकास तथा समन्वय इकाई, धनुषाका प्रमुख चेतकुमार पोखरेललाई विदाई गरिएको छ ।

नेपाल शिक्षक संघ, धनुषाले शुक्रवार एक कार्यक्रम आयोजना गरी इकाई प्रमुख पोखरेललाई दोसल्लासहित पुष्पमाला र अबीरले सम्मानसहित विधिवत विदाई गरेका हुन ।

जिल्ला अध्यक्ष रामसिनेही यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा संघका पदाधिकारी र सदस्यहरुले पनि झण्डै दुई वर्ष धनुषामा सेवा प्रदान गरेकोमा प्रमुख पोखरेललाई बधाईसहित धन्यवादसमेत ज्ञापन गरेका छन् । २०८१ को सुरुवातमै उनी धनुषा दोश्रोपटक समन्वय इकाई प्रमुखको भूमिकामा आएका थिए । यसअघि २०७४ तिर जिल्ला शिक्षा अधिकारीको भूमिकामा जिल्ला शिक्षा कार्यालय धनुषा आएका थिए ।

शिक्षा क्षेत्रमा सुधार ल्याउन अहोरात्र खटिने इकाई प्रमुख पोखरेलको विदाईमा मध्यान्ह शिक्षा विकास तथा समन्वय इकाई धनुषाको कार्यालयमै प्रधानाध्यापकहरुको संगठनका पदाधिकारीहरुले समेत सम्मानसहित विदाई गरेका हुन ।

जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाई कार्यालयले पनि सम्मानसहित प्रमुख पोखरेलको औपचारिक रुपमा विदाई गरेका छन् । सर्लाही निवासी इकाई प्रमुख पोखरेल सरुवा भएर शिक्षा विकास तथा समन्वय इकाई कार्यालय ललितपुर जान लागेका हुन् । गएको मंगलबार मात्रै उनको सरुवा भएको थियो ।

# दुई हजार ६९२ जना ट्राफिक कारबाहीमा

काठमाण्डु । बितेका २४ घण्टामा दुई हजार ६९२ जना सवारी चालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु सात लाख ६० हजार राजस्व दाखिला भएको छ ।

काठमाण्डु उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादक पदार्थ सेवन गरेको ९१, यान्त्रिक अवस्था ठीक नभए पनि सडकमा निकालिएका ६३ सवारी साधन, ट्राफिक सङ्केत उल्लङ्घनकर्ता २२४ र तीव्र गतिमा सवारी साधन हुइँक्याएका १३२ जनालाई कारबाही गरिएको हो ।

यसैगरी, लेन अनुशासन पालना नगर्ने २३७, सार्वजनिक सवारी साधनका ढोका बन्द नगरी सञ्चालन गर्ने ४७, निषेधित क्षेत्रमा हर्न बजाउने ७८ निर्धारित स्थानामा यात्री चढाउने र ओराल्ने नियम उल्लङ्घनकर्ता ४० र अन्य सवारी नियम पालना नगरेका एक हजार ७८० जनालाई कारबाही गरिएको हो । रासस

# केन्द्रीय कारागार सुन्धाराबाट फरार तीन जना कैदी पक्राउ

काठमाण्डु । प्रहरीले गत भदौ २३ र २४ गतेको जेनजी युवाहरूको आन्दोलनका क्रममा केन्द्रीय कारागार सुन्धाराबाट फरार रहेका तीन जना फरार कैदीबन्दीलाई पक्राउ गरी आज सार्वजनिक गरेको छ ।




लागुऔषध मुद्दाका कैदी दाङ गढवा गाउँपालिका-१ बस्ने ३६ वर्षीय विनोद कुमाल, कर्तव्य ज्यान तथा डाका चोरी मुद्दाका रामेछाप लिखु गाउँपालिका-५ धोबीका ३३ वर्षीय प्रेम तामाङ तथा चोरी मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका नुवाकोट पञ्चकन्या गाउँपालिका-९ का २९ वर्षीय नवराज थापालाई पक्राउ गरिएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "निज कैदीबन्दी कारागारबाट फरार भई काठमाडौँको विभिन्न वडा एरियामा लुकीछिपी बस्ने गरेको भन्ने विशेष सूचनाका आधारमा हाम्रो टोलीले पक्राउ गरेको हो ।" फरार कैदीबन्दी कुमाललाई अदालतले लागुऔषध मुद्दामा एक वर्ष तीन महिना कैद, तामाङ कर्तव्य ज्यान तथा डाका चोरीसम्बन्धी मुद्दामा २५ वर्ष कैद हुने ठहरी कैद भुक्तानका क्रममा रहेको र थापा चोरी मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका प्रहरीले जनाएको छ । पक्राउ परेका तीनै जनालाई आजै केन्द्रीय कारागार जगन्नाथदेवल सुन्धारा पठाइएको प्रवक्ता कार्कीले बताउनुभयो ।

**मोटरसाइकल चोरीमा संलग्न एक जना पक्राउ**

मोटरसाइकल चोरीमा संलग्न रहेको अभियोगमा ट्राफिक प्रहरीले आज एक जनालाई पक्राउ गरेको छ । काठमाडौँको तार्केशवर नगरपालिका लोलाङ हाइटस्थित सडकखण्डबाट बा७९प ८७४६ नम्बरको ग्रे रङको मोटरसाइकल हराएको भनी निवेदन परेकाले उक्त नम्बरको मोटरसाइकल खोजी गर्दा तार्केश्वर नगरपालिका-७ नागपोखरीस्थित सडकबाट वास्तविक नम्बर परिवर्तन गरी बा७३प ९९६० नम्बर राखी चलाइरहेको अवस्थामा फेला पारी ट्राफिक प्रहरीले नियन्त्रणमा लिएको उपत्यका ट्राफिक प्रहरी प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले राससलाई जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "उक्त मोटरसाइकल चोरी कार्यमा संलग्न व्यक्तिलाई पक्राउ गरी थप अनुसन्धान एवं आवश्यक कारबाहीका लागि प्रहरी वृत्त बालाजु पठाइएको छ । उक्त विषयमा अन्य अनुसन्धान भइरहेकाले पक्राउ परेका व्यक्तिको नाम अहिले गोप्य राखेका छौं ।" हराएका सवारीसाधन खोजतलास र चोरी नियन्त्रण कार्य निरन्तर हुँदै आए तापनि सवारीधनी स्वयं सजग भई सुरक्षित स्थानमा पार्किङ गर्न पनि प्रवक्ता सुवेदीले आग्रह गर्नुभयो ।

आफ्नो सवारीसाधन सुरक्षित स्थानमा पार्किङ गर्ने, ह्वील लक, चेन लक, ह्यान्डिल लक, डिस्क लकलगायत सुरक्षा साइरन जडान गर्नुका साथै मानिसको आवतजावत नहुने एकान्त स्थानमा पार्किङ नगर्न ट्राफिक प्रहरीले सम्पूर्णमा अनुरोध गरेको छ । सवारीसाधन हराएमा ट्राफिक प्रहरीको हटलाइन नम्बर १०३, नेपाल प्रहरीको हटलाइन नम्बर १०० मा तत्कालै आफ्नो सवारसाधनको विवरणसहित फोन गर्न र नजिकैको प्रहरी कार्यालयमा निवेदन दिन सकिने प्रवक्ता सुवेदीले बताउनुभयो । रासस

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा. रजौल, सीताराम मन्दिर अगाडि Parking गरिराखेको अवस्थाबाट मिति २०८३/०१/०२ गते करिब राति ०९:३० बजे म.प्र. ०२-००८ प ४१९८ नम्बरको कालो रातो रंगको ईन्जिन नं. DKXCRE33358 चेचिस नम्बर MD2A13EXURCE2585 को बजाज कम्पनीको Pulser 220 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

सवारीधनीको नाम: काली होटेल एण्ड रेष्टुरेन्ट
ठेगाना: जनकपुरधाम उ.म.न.पा., धनुषा
मो.नं. ९८५४०२५२१३
९८१२१९१३५६

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | काममा सोचेजस्तो सफलता पाउन ढिलाइ हुनेछ । |
| वृष : | आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। |
| मिथुन : | कार्यक्षेत्रमा तपाईको प्रभाव बढ्नेछ । |
| कर्कट : | भाग्यले साथ दिनेछ । धार्मिक र आध्यात्मिक क्रियाकलापमा मन जानेछ। |
| सिंह : | स्वास्थ्यमा केही समस्या देखिन सक्छ, त्यसैले सावधानी अपनाउनु होला । |
| कन्या : | साझेदारी रि व्यापार व्यवसायमा लाभ मिल्नेछ । |
| तुला : | प्रतिस्पर्धा र परीक्षामा सफलता मिल्नेछ। शत्रुहरु आफै किनारा लाग्नेछन् । |
| वृश्चिक : | बौद्धिक र रचनात्मक काममा रुचि बढ्नेछ । |
| धनु : | पारिवारिक विषयलाई लिएर केही विवाद हुन सक्छ । |
| मकर : | तपाईको पराक्रम र साहसको चर्चा हुनेछ । |
| कुम्भ: | आर्थिक लाभ हुने र धन सञ्चय गर्ने अवसर मिल्नेछ । |
| मीन: | आज तपाईको मनमा शान्ति र शरीरमा ऊर्जा रहनेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# गर्भवती, प्रसव र सुत्केरीलाई घरदेखि अस्पतालसम्मै छ हिंसा

काठमाण्डु ।
यो कोठा कहाँ पर्छ ?
मैले अस्पतालको कर्मचारीलाई सोधेँ ।
जवाफ आयो, "उ त्यहाँनिर ।"

मैले पत्ता लगाउन सकिन र फेरि सोधेँ । अर्को पटक मुखैमा नहेरी उहाँले फेरि उ क्या त्यहीँनिरै भन्नुभयो । मैले दोस्रो पटक पनि देखिन । तेस्रोपटक सोध्दा ती अस्पतालका कर्मचारीले झर्किँदै भने, "ओ बहिनी के हो ? कान सुनिदैन कि क्या हो ?"

अघिल्लो बुधबार काठमाडौंको थापाथलीस्थित प्रसूति गृहबाट डिस्र्चाज भएकी एक सुत्केरी आमाले काखमा नवजात शिशु समाउँदै वर्ष दिनअघिको त्यो यो क्षणको स्मरण गर्नुभयो । यो क्षण सम्भवतः उहाँले जीवनमा धेरै पछिसम्म पनि भुल्न सक्नुहुन्न होला । उहाँका अनुसार त्यो दिन गर्भवती भएको पहिलोपटक अस्पताल जाँचको लागि आउनुभएको थियो ।

अस्पतालमा कुन कोठा कहाँ छ सुरुमा थाहा नहुनु स्वभाविकै हो । त्यही पनि आफू जनकपुरको बासिन्दा भएकाले नेपाली भाषा स्पटसँग बोल्न र बुझ्न पनि समस्या भएको उहाँले सुनाउनुभयो ।

नेपाली भाषा बुझ्न बुझाउन गाह्रो भएर ती कर्मचारीले गतिलो व्यवहार नगरेको हो कि भन्ने उहाँ अनुमान लगाउनुहुन्छ । यद्यपि, जुन व्यवहार भयो त्यसले उहाँको आत्मसम्मानमा ठूलो चोट पुगेको अनुभूति उहाँलाई अहिले पनि भइरहेको छ । उहाँले भन्नुभयो, "गर्भवती जाँच गर्न आएको पहिलो दिन मनमा एक प्रकारको डर थियो । त्यसमा पनि त्यो कर्मचारी झर्किएको देखेर मन दुःखी बनाउँदै अस्पतालदेखि घर फर्किएकी थिएँ ।"

गर्भवती, प्रसव (बच्चा जन्माउने क्रमको अवस्था), प्रसवोत्तर (बच्चा जन्माएपछिको अवस्था) गरी तीन चरणमा घरदेखि अस्पतालसम्म महिलामाथि गरिने हिंसा उच्च रहेको पाइएको विभिन्न अध्ययनहरूले देखाएका छन् । महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी) ले हालै गरेको एक अध्ययनमा पनि परिवारका सदस्य, श्रीमानदेखि अस्पतालका सेवा प्रदायकले गरेको दुर्व्यवहार, हिंसा र अधिकार उल्लङ्घनको तथ्याङ्क सार्वजनिक गरेको छ । अनुसन्धानका क्रममा पीडित महिलाहरूले आफूमाथि भएको दुर्व्यवहारको प्रकृति खुलाएका छन् ।

मञ्चले नेपालमा गर्भावस्था, प्रसव र प्रसवोत्तर महिलाहरूले भोगेका दुर्व्यवहार, हिंसा र अधिकार उल्लङ्घनसम्बन्धी तथ्य-अन्वेषण अध्ययन गरेको हो । अध्ययनमा सात प्रदेशका १४ जिल्लामा २८ पालिकाका गर्भवती, प्रसव, प्रसवोत्तर गरी एक हजार ६८० जनासँग अन्तर्वार्ता लिएको थियो । अनुसन्धानले गर्भवती अवस्थामा ३८.८ प्रतिशत, प्रसव अवस्थामा ३७.९ प्रतिशत र प्रसवोत्तरमा ३५.९ प्रतिशतले हिंसा भोग्नु परेको निस्कर्ष निकालेको छ ।

अध्ययनमा १७.१ प्रतिशत गर्भवतीले स्वास्थ्य र सेवासम्बन्धी प्रश्न तथा जिज्ञासाहरूलाई सेवा प्रदायकले गम्भीरतापूर्वक नलिएको अनुभव सुनाएका छन् । यस्ता अनुभव गर्ने महिलाहरूमा गण्डकी, बागमती र लुम्बिनी



"सोधेको कुरा उत्तर नदिने खालको व्यवहार हुन्छ । अस्पताल त समस्या भएर जाने हो ।" साथै, सासू समूहले गर्भवतको गर्भ जाँच गर्दा पनि लापरवाही गर्ने गरेको र राम्रोसँग परामर्श नदिने गरेको जनाएको छ । समूहका अनुसार जाँचको लागि बोलाउने र धेरै बेर कुराउने, नबुझेको कुरा सोध्न जाँदा "आज धेरै भिड छ हामीलाई फुर्सद छैन"

प्रदेशका महिलाहरूमा बढी पाइएको छ । स्वास्थ्य संस्थामा बच्चा जन्माउँदा १२.३ प्रतिशत महिलाहरूले आवश्यक सहयोग चाहिएको बेलामा सेवा प्रदायकले एक्लै छाडिदिएको अनुसन्धानमा उल्लेख छ ।

त्यस्तै, ७.९ प्रतिशत महिलाले बच्चा जन्माउने बेलामा सहयोगका लागि अनुरोध गर्दा पनि अस्पताल सेवा प्रदायकबाट कुनै पनि सहयोग नपाएको अनुभव सुनाएका छन् । अध्ययनमा प्रसूतिपछि पैसा तिर्न नसकेर घर नपठाएको भन्नेहरूमा ०.५ प्रतिशत रहेको उल्लेख छ ।

अध्ययनमा उल्लेख गरिए अनुसार, लुम्बिनी प्रदेशको सासु समूहले गर्भवती जाँचको लागि अस्पताल जाँदा सेवाप्रदायकले राम्रो व्यवहार नगरेको बताएको छ । "सोधेको कुरा उत्तर नदिने खालको व्यवहार हुन्छ । अस्पताल त समस्या भएर जाने हो ।" साथै, सासू समूहले गर्भवतको गर्भ जाँच गर्दा पनि लापरवाही गर्ने गरेको र राम्रोसँग परामर्श नदिने गरेको जनाएको छ । समूहका अनुसार जाँचको लागि बोलाउने र धेरै बेर कुराउने, नबुझेको कुरा सोध्न जाँदा "आज धेरै भिड छ हामीलाई फुर्सद छैन" भनेर धेरैबेर प्रतीक्षा गराउने गरेको अनुभव छ ।

हिंसा र दुर्व्यवहार गर्ने व्यक्तिहरू परिवार, छिमेकीदेखि सेवा प्रदायकसम्मै

गर्भवती, प्रसव र प्रसवोत्तर अवस्थामा हिंसा गर्ने व्यक्तिहरूमा परिवारका सदस्य, नातेदार, श्रीमान, छिमेकी र सेवा प्रदायक रहेका छन् । अनुसन्धानले पितृसत्तात्मक सोचको कारण परिवार र छिमेकीबाट हिंसा खेप्नुपरेको कारण उल्लेख गरेको छ भने सेवा प्रदायकहरूले कामप्रतिको संवेदनशीलता नबुझेर दुर्व्यवहार गरेको निश्कर्ष निकालेको छ ।

विभिन्न अस्पतालमा सेवा लिने क्रममा सेवा प्रदायकबाट गर्भवती, प्रसव र प्रसवोत्तर अवस्थामा हिंसामा पर्ने ६२.१ प्रतिशत रहेको यस अनुसन्धानले खुलाएको छ । त्यस्तै सबैभन्दा बढी ७१.१ प्रतिशत हिंसा गर्ने व्यक्तिहरूमा परिवारका सदस्य/नातेदार रहेको अनुसन्धानले देखाएको छ । यसमध्ये अध्ययनमा सेवा प्रदायकले सेवा दिने क्रममा सम्मानजनक व्यवहार नगरेको बताउने पीडित ३७.३ प्रतिशत रहेको छ । सेवा प्रदायकले शारिरीक जाँच गर्नुपूर्व सूसुचित सहमति नलिएको बताएका महिलाको सङ्ख्या गर्भवतीमा १५.२ र प्रसवोत्तरमा १३.८ प्रतिशत रहेको छ ।

अध्ययनमा कोशी प्रदेशका ४० वर्षीया एक महिलाले आफूलाई श्रीमान्‌ले निरन्तर छोरा जन्माउन दबाब दिइरहेको र अपशब्दहरू प्रयोग गरेर चार/चार जना काम नलाग्ने छोरी जन्माइस् भन्दै मानसिक एवं शारिरीक यातना दिने गरेको भनाइ उल्लेख छ । यस्तो अवस्थामा महिलाले भावनात्मक, शारीरिक र यौन हिंसा खेप्नु परेको छ । यौन हिंसा भोगका महिलाहरू ४२ प्रतिशत रहेका छन् । १२.२ प्रतिशत शारीरिक हिंसा, भावनात्मक हिंसा ९३.४ प्रतिशत रहेको छ ।

मनोचिकित्सक डा प्रतिष्ठा घिमिरेका अनुसार गर्भवस्था र सुत्केरी अवस्था निकै संवेदनशील हुने भएकाले यतिबेला उहाँहरूलाई घर परिवारदेखि अस्पतालसम्मै सम्मानजनक व्यवहार गरिनुपर्छ । प्रसूति गृहमा सेवा प्रदान गर्नुभएकी घिमिरे हालै मात्रै पाटन अस्पतालमा कार्यरत हुनुहन्छ । प्रसूतिमा हुँदा गर्भवती र सुत्केरीको मनोपरामर्शमा केन्द्रित हुँदाको अनुभव सुनाउँदै उहाँ भन्नुहुन्छ, "गर्भवती वा सुत्केरीले आफ्नो घरको गुनासो सुनाउनुहुन्छ तर, यस्तो बेला हामीले उहाँलाई सुनेर सान्त्वना दिन्थ्यौँ ।"

प्रसूति गृहका निर्देशक डा श्रीप्रसाद अधिकारीले आफू तीन वर्षदेखि प्रसूतिमा निर्देशक भएसँगै अस्पताल परिसरभित्र आएका सबै सेवाग्राहीलाई सम्मानजनक सेवा प्रदान गर्ने विषयमा संवेदनशील हुँदै आएको बताउनुभयो । कर्मचारीहरूलाई दिइने विभिन्न तालिमहरूमा सेवाग्राहीप्रति गरिने सम्मानपूर्वक व्यवहार र नम्र आचरणको विकास गर्न अभिमुखीकरण तालिम दिने गरेको डा अधिकारीले सुनाउनुभयो । यति हुँदाहुँदै पनि कम जनशक्तिले धेरै सेवाग्राही एकैचोटी हेर्नुपर्दा, भौतिक संरचनाको अभाव र जनचेतनाको कमीले गर्दा सेवाग्राही र सेवाप्रदायक बीच अपमानजनक व्यवहार हुन पुगेको हुनसक्ने उहाँले स्वीकार गर्नुभयो । उहाँले मानवीय स्वभाव सुधार गरेर नैतिकतामाथि जनचेतना दिँदै व्यवहारमा सुधार ल्याउनुपर्ने उहाँको धारणा छ ।

संयुक्त राष्ट्रसङ्घीय महिलाविरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (सिड) समितिको सातौँ आवधिक प्रतिवेदनमा प्रसवको समयमा गर्भवती महिलाको सुरक्षा सुनिश्चित गर्ने कानुनी तथा नीतिगत उपायहरू कार्यान्वयन गर्नु, साथै प्रसूतिसम्बन्धी हिंसा तथा महिला र किशोरीहरू प्रति हुने तथा लैङ्गिक भेदभावको समाधान गर्नु भनि नेपाललाई सुझाव समेत दिएको छ ।

सन् २०२१ मा विराटनगरमा भएको एक अध्ययनले पनि संस्थागत रुपमा गर्भवती महिलामाथि गरिने दुर्व्यवहार र हिंसाबारे सुझाव दिएको थियो । यस अध्ययनले सेवा प्राप्तकर्ताको जानकारीसहितको सहमति प्राप्त नगरी चिकित्सकीय प्रक्रिया वा हस्तक्षेपहरू गरिएको नमूना तथ्य निकालेको थियो । सहमतिबिना प्रदान गरिने सेवा शतप्रतिशत रहेको देखिएको छ । असम्मानजनक सेवा ७२.२ प्रतिशत, गोपनीयता उल्लङ्घन गर्दै दिइएको सेवा ६६.६ प्रतिशत, अपेक्षा वा परित्यागको अनुभव ३५.६ प्रतिशत, शारीरिक दुर्व्यवहार (कुटपिट, चट्काउने, चिमोट्ने तथा रुखो व्यवहार) १२.२३ प्रतिशत रहेको तथ्याङ्कले उल्लेख गरेको छ ।

विश्व स्वास्थ्य सङ्गठन(डब्लुएओ) र अन्य अन्तरराष्ट्रिय संस्थाहरूले गर्भावस्थामा हुने घरेलु हिंसालाई मानव अधिकारको उल्लङ्घनका रुपमा लिएको छ । डब्लुएओ र अन्य अन्तर्राष्ट्रिय क्लिनिकहरूको दिशानिर्देशहरूमा विश्वभर गर्भवतीमध्ये एक तिहाइभन्दा बढीले घरेलु हिंसाको अनुभव गरेको बताएको छ । त्यस्तै, यो अवस्थामा मातृ मानसिक तनाव, गर्भपतन, कम तौलमा शिशु जन्मिने तथा प्रसूतिपूर्व जाँच ढिलो हुनेजस्ता समस्याहरू देखापर्ने गरेको छ ।

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को ६ को दफा २ मा नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेको गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाले सम्मानजनक प्रसूति सेवा प्रदान गर्नु पर्ने भनिएको छ । ऐनको परिच्छेद-७ मा कसुर र सजाय तोकिएको छ । यद्यपि सम्मानजनक व्यवहार नगरिएको खण्डमा के सजाय हुने र उजुरी कसरी दिने भन्ने कुनै स्पष्ट किटान गरिएको छैन ।

नेपाल बहुसूचक सर्वेक्षण २०२४-२०२५ को प्रतिवेदनमा संस्थागत सुत्केरी गराउने ९०.५ प्रतिशत पुगेको छ । विगतको २०२२ को तुलनामा ८० प्रतिशतबाट वृद्धि भई ९०.५ प्रतिशत पुगेको हो । अधिवक्ता श्रेष्ठका अनुसार नेपाल प्रहरीको गत वर्षको लैंगीक हिंसामाथि परेका उजुरीहरूमध्ये १४ वटा उजुरी गर्भवती अवस्थामा परिवार, श्रीमान्, आफन्तजनबाट कुटपीट भएको विवरण पाइएको छ ।

उहाँले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ स्पष्ट नहुँदा सम्मानजनक सेवाको प्रभावकारी हुन नसकेको बताउनुभयो । प्रसूति सेवालाई मर्यादीत, प्रभावकारी र सेवामैत्री बनाउन ऐन संशोधन पहिलो आवश्यकता रहेको उहाँको भनाइ छ ।


मञ्चका कार्यकारी निर्देशक श्रेष्ठले ऐनमा गैरसरकारी र निजी स्वास्थ्य संस्थामा मात्रै सम्मानजनक प्रसूति सेवा दिनुपर्ने अवधारणा नै न्यायोचित नरहेको जनाउनुभयो । सबैभन्दा बढी प्रसूति सेवा लिने संस्थाहरूमा सरकारी स्वास्थ्य संस्थाहरू रहेकाले ऐन संशोधन गरेर सम्मानजनक सेवाप्रदायकको प्राथमिकतामा जोड दिनुपर्ने उहाँले सुनाउनुभयो । उहाँ भन्नुहुन्छ,"अब ऐन नै संशोधन गर्नु पर्छ । सम्मानजनक सेवा भनेको के हो र ? यसलको पाना नगरे कस्तो कसुर सजाय हुने समेत प्रष्ट ऐनमै व्यवस्था गरिनुपर्छ ।" रासस

## लागुऔषधसहित विभिन्न स्थानबाट बाह्र जना पक्राउ

काठमाण्डु । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागुऔषधसहित १२ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट लागुऔषध ब्राउनसुगरसहित कञ्चनपुरको बेदकोट नगरपालिका-७ का २० वर्षीय अरूण चौधरीलाई पक्राउ गरिएको हो ।

यसैगरी, काठमाडौं महानगरपालिका-१६ माछापोखरीबाट चिकित्सकको



सिफारिसमा मात्र खरिद गर्न पाइने विभिन्न औषधिसहित सोही स्थानका ४७ वर्षीय दीपक श्रेष्ठलाई पक्राउ गरिएको छ ।

मोरङको उर्लाबारी नगरपालिका-९ का बलबहादुर श्रेष्ठलाई निजकै घरबाट, कैलालीको गोदावरी नगरपालिका-४ गोदावरीस्थित डिएन रूद्र प्लाजा होटलबाट चार जना, धनगढी उपमहानगरपालिका-१३ श्रीलङ्का मुक्त कमैया टोलबाट दुई र टीकापुर नगरपालिका-१ बाट दुई जनालाई खैरो हेरोइन र डिजिटल तराजुसहित पक्राउ गरिएको छ ।

उदयपुरको बेलका नगरपालिका-८ कोठुबाट २७ किलोग्राम गाँजासहित सोही नगरपालिका-८ माजटोलका २५ वर्षीय अशोक राईलाई पक्राउ गरिएको छ । रासस

# किस्पाङ बहुप्राविधिक शिक्षालय, जहाँ पढ्छन् सातै प्रदेशका विद्यार्थी

किस्पाङ । प्राकृतिकरुपमा सुन्दर नुवाकोटको किस्पाङ गाउँपालिका शैक्षिक गन्तव्यस्थलका रुपमा पनि अघि बढ्दैछ । पछिल्लो तीन वर्षयता गाउँपालिकाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)बाट सम्बन्धन लिएर सुलभ मूल्यमा प्राविधिक शिक्षालय सञ्चालन गरेपछि पूर्वको सङ्खुवासभादेखि पश्चिमको कञ्चनपुरसम्मका विद्यार्थी प्राविधिक शिक्षा लिन किस्पाङ पुगेका छन् ।



मुलुकभरका गाउँपालिकामध्ये स्वास्थ्यतर्फको बहुप्राविधिक शिक्षालय आफैँले सञ्चालन गर्नेमा पहिलो भएको किस्पाङ गाउँपालिकाले सामान्य चिकित्सा र डिप्लो इन फार्मेसीको कोर्स पूरा गर्न रु एक लाख ९५ हजार मात्रै शुल्क लिँदै आएको छ । किस्पाङ गाउँपालिका-३, काहुलेमा २०८० सालमा स्थापत सो शिक्षालयले पहिलो व्याच ढिलो सम्बन्धनका कारण डिप्लोमा इन फार्मेसीमात्र भर्ना गरेको थियो । दोस्रो ब्याचका सामान्य चिकित्सा र डिप्लोमा इन फार्मेसीको सबै कोटा पूर्णरुपमा तथा तेस्रो ब्याचको सामान्य चिकित्सा र डिप्लोमा इन फार्मेसीको सबै कोटा पूर्ण हुने गरी भर्ना गरेको छ ।

सातै प्रदेश र ३१ जिल्लाका विद्यार्थीहरू अध्ययन गर्ने हिसाबले पनि यो शिक्षालय सम्भवतः मुलुककै पहिलो शिक्षालय बनेको छ । गृह जिल्ला नुवाकोटका ३० प्रतिशत र बाँकी अन्य जिल्लाका विद्यार्थी यहाँ अध्ययनरत रहँदा किस्पाङ अहिले शैक्षिक पर्यटनको गाउँ बन्न पुगेको छ । यहाँ बाहिरी जिल्लाबाट आएका अधिकांश विद्यार्थी शिक्षालयकै होस्टेलमा बसेर पढ्छन् । केहीले शिक्षालय वरपर डेरा लिएका छन् ।

प्राविधिक शिक्षालयमा स्वास्थ्य सहायक (एचए) मा अध्ययनरत सङ्खुवासभाकी सङ्गीता मगर, सल्यानकी धनसोरी बुढाथोकी, महोत्तरीकी प्रियङ्का यादव, सर्लाहका अर्पितकुमार दास र रौतहटकी आकृति चौधरी विभिन्न जिल्लाबाट जोडिए पनि आफूहरू अब एकै शिक्षालयको शिक्षार्थी भएकामा खुसी देखिन्छन् । यस्तै बाजुराकी कोपिला विश्वकर्मा र प्रमिला दानी मात्र होइन डिप्लोमा इन फार्मेसी पढिरहेकी सुर्खेतकी विजया गुरूङ यसरी धेरै जिल्लाबाट आएका साथीहरूसँग आफूहरूको सांस्कृतिक सिकाइ पनि भएको बताउनुहुन्छ ।

डिप्लोमा इन फार्मेसी अध्ययनरत अछामका नवीन बयक र एचए दोस्रो वर्षमा अध्ययनरत सुर्खेतका पवन बरालले प्राविधिक शिक्षा पढाइसँगै नयाँनयाँ साथीहरू बनेकामा फरक अनुभूति गरेको बताउनुभयो । रोचक कुरा, यही शिक्षालयमा पिता डिल्ली ढकाल र छोरी सलिना ढकाल फार्मेसीको विद्यार्थीका रुपमा हुनुहुन्छ । नुवाकोटको लिखु गाउँपालिका-२, ढिकुरे निवासी ढकाल पढाइ पूरा गरेर गाउँमै फार्मेसी खोल्ने योजनामा रहनुभएको छ ।

"ग्रामीण भेगमा पनि यस प्रकारको शिक्षा उपलब्ध हुनु हाम्रा लागि राम्रो कुरा हो", डिल्ली ढकालले भन्नुभयो ।

कैलालीको घोडाघोडी नगरपालिका-२ बाट किस्पाङमा प्राविधिक शिक्षा हासिल गर्न आएका शैलेश गिरी भौगोलिक दूरी टाढा भए पनि सुलभरुपमा पढ्न पाइने भएकाले यहाँ आएको बताउनुहुन्छ । गिरीसँगै शिक्षालयमा १७ विद्यार्थी भक्तपुरको गठ्ठाघरस्थित लोमस फर्मास्युटिकल्समा प्रयोगात्मक अभ्यासका लागि खटिएका छन् । तीमध्ये गिरीसहित केहीले अहिले नुवाकोटको विदुरस्थित त्रिशूली अस्पतालमा प्रयोगात्मक काम गरिरहेका छन् ।

नुवाकोटकै सूर्यगढी-५ की विद्यार्थी अञ्जली गिरी शिक्षालयमा छात्राका लागि व्यवस्थित र सुरक्षित आवास रहेको बताउनुहुन्छ । किस्पाङ-१, भाल्चेका रुवन तामाङ समग्रमा शिक्षालयको पढाइ राम्रो रहेको प्रतिक्रिया दिनुहुन्छ । उहाँहरू दुवैले पढाइ सकेर मेडिकल खोल्ने तयारी गर्नुभएको छ ।

शिक्षालयका प्रमुख विनोद न्यौपानेका अनुसार देशको समग्र झलक शिक्षालयमा पाइन्छ । शिक्षालयमा पहिलो वर्षमा सामान्य चिकित्सा र डिप्लोमा इन फार्मेसी ४०/४० विद्यार्थी रहेकामा छात्रवृत्तिमा अध्ययनमा तीन विद्यार्थी छन् । प्रदेशअनुसार सामान्य चिकित्सातर्फ ६ प्रदेशका विद्यार्थी र डिप्लोमा इन फार्मेसीतर्फ सातै प्रदेशका विद्यार्थी छन् । विभिन्न विषय र वर्षमा गरेर बारा, रौटहट, पर्सा, सर्लाही, बझाङ, बाजुरा, धादिङ, दोलखा, हुम्ला, कालिकोट, नुवाकोट, रसुवा, रोल्पा, सङ्खुवासभा, बैतडी, बाजुरा, बर्दिया, धादिङ, हुम्ला, कालीकोट, कञ्चनपुर, नुवाकोट, ओखलढुङ्गा, रौतहट, सर्लाही, सिन्धुली र तनहुँका विद्यार्थी अध्ययनरत छन् ।

दोस्रो वर्षमा प्रदेशगतरुपमा बागमतीका २७, गण्डकीका एक, कर्णालीका १७, मधेसका २६ र सुदूरपश्चिमका चार विद्यार्थी अध्ययनरत छन् । तेस्रो वर्षमा विभिन्न प्रदेश र जिल्लाका गरी १७ विद्यार्थी छन् । "होस्टेल सुविधाका साथै शिक्षालयमै उत्पादन गरिएको अर्गानिक तरकारी प्रयोग गरेर विद्यार्थीलाई गाउँघरको अनुभूति दिइएको छ ।"

शिक्षालय प्रमुख न्यौपानेले भन्नुभयो, "हामीले समय समयमा अतिथिलाई कक्षा दिलाउनाका साथै खेलकुद सप्ताह, हाजिरीजवाफ, वक्तृत्वकला, सरस्वती पूजा, वनभोज, नारी दिवस तथा होली उत्सवजस्ता कार्यक्रम गर्दै आएका छौँ । यसले विद्यार्थीमा उत्साह पैदा गरेको छ ।"

गाउँपालिकाका अध्यक्ष एवं शिक्षालय सञ्चालक समितिका अध्यक्ष वीरवल तामाङ ३१ जिल्लाका विद्यार्थी आएर पढ्नु भनेको किस्पाङको पानीलाई ती विद्यार्थीहरूले प्रसादका रुपमा लिन पाएको अवसरमा रुपमा आफूहरूले लिएको बताउनुहुन्छ । गाउँपालिकाको आय विस्तार र राष्ट्रका लागि उद्यमशीलताको विकासको शिक्षालय एक कोसेढुङ्गा हुने उहाँले बताउनुभयो । यसलाई आफूहरूले सेवाका रुपमा लिएको र पर्यटकीय विकासका लागि पनि आधार हुने तामाङले विश्वास व्यक्त गर्नुभयो ।

गाउँपालिकाका उपाध्यक्ष अर्जुनप्रसाद न्यौपाने दरबन्दी पूर्ण हुने गरी नियमित भर्ना हुनु र विद्यार्थीहरूबाट अहिलेसम्म सकारात्मक प्रतिक्रिया प्राप्त हुनुले शिक्षालयको भविष्य उज्जल रहेकामा सन्देह नरहेको बताउनुहुन्छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केदारप्रसाद खतिवडाका अनुसार आर्थिक वर्ष २०८१/८२ मा सहरी विकास मन्त्रालयबाट भवन निर्माणका लागि रु एक करोडको निर्माण कार्य भएको सो शिक्षालयमा आर्थिक वर्ष २०८२/८३ का लागि सोही मन्त्रालयले रु तीन करोड विनियोजन गरेकामा अहिले शिक्षालयको आफ्नै जग्गामा भवन निर्माण भइरहेको छ । उहाँले क्रमशः गाउँपालिकाले बजेट बढाउँदै प्रयोगशालालगात पूर्वाधार विकास गरी शिक्षालयलाई नमुना बनाइने बताउनुभयो ।रासस

## वन व्यवस्थापनमा अन्योल : समाधान खोज्दै उपभोक्ता सडकमा

कञ्चनपुर । सुदूरपश्चिम प्रदेशका सामुदायिक तथा साझेदारी वन उपभोक्ता समूहहरूले आफ्नो अधिकार सुनिश्चितता र दिगो वन व्यवस्थापन कार्यान्वयनको माग गर्दै आजदेखि धर्ना कार्यक्रम सुरु गरेका छन् ।

सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालसहितका संस्थाको सहभागितामा गठन गरिएको प्रदेशस्तरीय आन्दोलन परिचालन समितिले आजदेखि एक सातासम्म सुदूरपश्चिम प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अगाडि धर्ना कार्यक्रम सञ्चालन गरेको हो ।

वन उपभोक्ता समूहहरूले लामो समयदेखि उठाउँदै आएका माग सम्बोधन नभएको भन्दै यसपटक चरणबद्ध आन्दोलनमा उत्रिन बाध्य भएको बताएका छन् । वन व्यवस्थापन, कर प्रणाली, काठ-दाउरा सङ्कलन तथा बिक्रीवितरणसँग सम्बन्धित नीतिगत अस्पष्टता र व्यावहारिक कठिनाइका कारण सामुदायिक वन व्यवस्थापनमा असर परेको वन उपभोक्ता समितिका पदाधिकारीहरूको भनाइ छ ।

वैज्ञानिक वन व्यवस्थापन समिति सुदूरपश्चिम प्रदेशका अध्यक्ष पुष्कलबहादुर बमका अनुसार विद्यमान बहुस्तरीय कर प्रणालीले वन उपभोक्ता समूहलाई आर्थिक रूपमा कमजोर बनाइरहेको छ । "वनबाट सङ्कलन हुने काठ-दाउरामा सङ्घ, प्रदेश, स्थानीय तह र आन्तरिक राजस्व कार्यालयबाट विभिन्न शीर्षकमा कर लाग्दा दोहोरो-तेहेरो करको भार परेको छ", उहाँले भन्नुभयो, "यसले वन व्यवस्थापनमा लगानी गर्ने क्षमता घटाउँदै लगेको छ, त्यसैले एकद्वार कर प्रणाली लागू गर्नुपर्छ भन्ने हाम्रो मुख्य माग हो ।"



सामुदायिक वन समन्वय समिति कञ्चनपुरका अध्यक्ष महेशदत्त जोशीले वन ऐन लागू भएको तीन वर्ष बितिसक्दा पनि आवश्यक नियमावली पूर्ण रूपमा कार्यान्वयनमा नआउनु चिन्ताजनक भएको बताउनुभयो । उहाँका अनुसार दिगो वन व्यवस्थापन (सिल्भिकल्चर सिस्टम) कार्यविधि लागू नहुँदा सामुदायिक वनबाट काठ सङ्कलन गर्न नसकिएको र त्यसले वनमै काठ कुहिने अवस्था सृजना भएको छ ।

"वनभित्र काठ कुहिरहेको छ, तर उपभोक्ताले बाह्य बजारबाट महँगो काठ खरिद गर्न बाध्य छन्", उहाँले भन्नुभयो, "मलेसियालगायत विदेशी काठ उच्च मूल्यमा आयात भइरहेको छ, जबकि आफ्नै वनमा रहेको काठ प्रयोग गर्न नपाउने अवस्था अन्त्य हुनुपर्छ ।"

सामुदायिक वन सहजीकरण समितिका सचिव वीरबहादुर राजवंशीले काठ सङ्कलनमा रोक लगाइँदा वन संरक्षणमा समेत असर परेको बताउनुभयो । "वन व्यवस्थापनका लागि आवश्यक स्रोत जुटाउन कठिन भएको छ, वन हेरालु राख्न पनि समस्या भएको छ", उहाँले भन्नुभयो ।

आन्दोलनरत पक्षले प्रस्तुत गरेको २४ बुँदे मागपत्रमा दिगो वन व्यवस्थापन कार्यविधि तत्काल लागू गर्नुपर्ने, वन व्यवस्थापनका लागि घुम्ती कोष तथा सहुलियत ऋणको व्यवस्था गर्नुपर्ने, सङ्घीय र प्रदेश वन नियमावलीबीचका बाझिएका प्रावधान संशोधन गर्नुपर्नेलगायत विषय समेटिएका छन् ।

त्यसैगरी, वन उपभोक्ता समूहलाई काठ-दाउरा मूल्य निर्धारण र बिक्रीवितरणमा स्वायत्तता दिनुपर्ने, घाटगद्दीमा रहेको काठ आन्तरिक खपत गर्न पाउने व्यवस्था गर्नुपर्ने तथा आवश्यकताअनुसार अतिरिक्त काठ सङ्कलन गर्न पाउने व्यवस्था मिलाउनुपर्ने माग पनि राखिएको छ ।

वन अतिक्रमण नियन्त्रण, नदी तथा चुरे क्षेत्रमा ढुङ्गा, गिट्टी र बालुवा उत्खननमा कडाइ, काष्ठ तथा गैरकाष्ठ उद्योगलाई सहुलियत ऋण तथा अनुदान उपलब्ध गराउने व्यवस्था र प्रशोधनपछि निर्यातमा सहजीकरण गर्नुपर्ने विषय अघि सारिएको छ ।

वैज्ञानिक वन व्यवस्थापन समिति सुदूरपश्चिम प्रदेशका महासचिव पुनाराम चौधरीका अनुसार सरकारी तथा गैरसरकारी संरचना निर्माणमा स्वदेशी काठको अनिवार्य प्रयोग गर्नुपर्ने, वन उपभोक्ता समूहको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने, अभिलेख तथा लेखा प्रणालीमा डिजिटल प्रविधिको प्रयोग गर्नुपर्ने र वन क्षेत्रको योगदानलाई राष्ट्रिय आयमा समेट्नुपर्ने माग राखिएको छ ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरुले पठाएका कविता/गजलहरु

## ।। जार गेलै गर्मी एलै ।।

जार गेलै गर्मी एलै
बोडर मे कडाई भेलै
सय रुपैया के समान छुट
गरीब जनता के भेल दुख
कोनो पाटी के जितैला सँ
जनता के हितमे नै भेलै काम
यै देश मे बिचौलिया के छै यैस अराम
देश मे बेरोजगारी छै सोर्स फोर्स बलाके
रोजगारी छै
सर्वसाधारण गेलै खाड़ी
अपना देशमे नै भेटलै रोजगारी
केकरा कहबै निक केकरा खराब
सत्ता मे जाइते बदलै सरकार
जनताके परल छै कर के भार
पेट्रोल डिजल मगाई भेलै
मान्य ज्युके रजाई भेलै
गरीब जनता के परलै भारी
नेता सब चढै करोडक गाडी



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। आमाको नामको उज्यालो ।।


इन्द्रजित साफी दाइ अगाडि बढे,
न्यायको बाटो दृढताले अडे।
आमाको नामबाट नागरिकता दिने,
पीडितहरूको सपना साँचो बनाउने।
वर्षौंदेखि आँखा भिजेका थिए,
पहिचान बिना जीवन बितेका थिए।
दाइको आवाज संसदमा गुन्जियो,
नयाँ आशाको सूर्योदय पनि देखियो।
आमाको माया जस्तै पवित्र अधिकार,
अब मिल्यो सबैलाई नागरिकताको आधार।
पीडितको मुहारमा मुस्कान फुलायो,
साफी दाइले न्यायको दीप जलायो।
देशले सम्झिरहनेछ यो महान काम,
नागरिकताको उज्यालो बन्यो नयाँ बिहान।
इन्द्रजित साफी दाइलाई सम्मान,
सधैं रहोस् जनताको मनमा स्थान।



**लेखकः पवन कु. यादव**
**स्थानः क्षिरेश्वोरनाथ नगरपालिका ६ सखुवा बाजर**

## "तीन दाजुभाइको सफलता"

कठिन थियौ बाटाहरु, परदेशी भूमिमा,
दश, पन्ध्र वर्षको संघर्ष, आँसु र पसिनामा।
जनकपुरको माटो मुटुमा, सपना सजाएर,
दोहाको तातो बालुवामा, भविष्य बनाउन आएर।
मोहम्मद अहमद रजाको दूरदृष्टि, मार्गदर्शन मिल्यो,
मोहम्मद महबूब रजाको अथक मेहेनतले, सफलताको बाटो खुल्यो।
कान्छो भाई शेख प्यारेको जोस र जाँगर, सधैं प्रेरणा बन्यो,
तीन दाजुभाइको एकताले, असम्भवलाई सम्भव तुल्यायो।
पसल थापे, कम्पनी खोले, हिम्मत नहारी,
आज सफल व्यवसायी बने, सारा बाधा विदारी।
यो सफलताको कथाले, दिन्छ सन्देश ठुला,
मेहनत र लगनशीलताले, शिखर छुन्छ चुलिँदो।
मरुभूमिमा पसिना बगाए, रगतलाई पानी बनाए,
निरन्तरको प्रयासले, हरेक चुनौतीलाई हराए।
देशको माया मुटुमा, आँट बोकी हिँडेका,
प्रगतिको शिखर चढी, संसारकै शिर उठाएका।
त्यसैले नथाक कोही, आफ्नो लक्ष्यमा लम्कन,
मोहम्मद, महबूब र शेखको यात्राबाट, प्रेरणा लिन जीवन बदल्न।
विचलित नहोऊ कोही, संघर्षदेखि डराएर,
आफ्नो भाग्य आफैं कोर, कर्मले जगाएर।



**लेखक : मो.आमिर हुसैन**
**ठेगाना : जनकपुरधाम १५ लोहना**

## ।। सेहर खुबसुरत लगता हे ।।

यहाँ न कोइ किसिसे बात कर्ता हे
यहाँ न कोइ किसिका हाल परखता हे
दर्द हो अगर कोइ सब चुपचाप सेहता हे
३ सेहेर खुबसुरत लगता हे ३
यहाँ रातमे भि भिड लगता हे
यहाँ खाना भि समय से मिलता हे
बस प्यासेको यहाँ पानी नहि मिलता हे
कुतेको साही भोग लगता हे
३ सेहेर खुबसुरत लगता हे ३
सब अन्जान सब अजनबी स लगता हे
पुछो किसिसे तो सब गाउँका लगता हे
मिटिके बदनपे बस पैसा चमकता हे
निन्द से आखे भरी हे ए साफ झलकता हे
३ सेहेर खुबसुरत लगता हे ३
मनमे छट्पट मष्तिकमे आग लगा रेहता हे
घर भि बनाना हे ए ख्याल चल्ता रेहता हे
स्कुल गएहे बच्चे लोटके आए होङे
ईश ख्याल से ओ शख्स मुसकुराता रेहता हे
३ सेहेर खुबसुरत लगता हे ३
अवाज इन्जिन कि भले परेशान कर्ता हे
शौख कमानेकी एक उडान भरता हे
लाख कोसिस के बाध भि
हर शख्स थोरा गुमनाम रेहता हे
३ सेहेर खुबसुरत लगता हे ३



**कलम : स्नेही साह**
**हाल : खाडी मुलुकमा**

## ।। सुनौलो किरण ।।

पहाडको टाकुराबाट उठ्दै,
सुनौलो किरण फैलाउँदै,
सबैलाई न्यानो दिँदै,
घाम उदायो है!
निद्राबाट बिउँझाउँदै,
नयाँ दिनको थालनी,
पन्छीहरूको गीत गाउँदै,
यसले सबैलाई खुसी ल्यायो।



**लेखकः शम्भु साह (कानूनी साल्लाहकार)**
**ठेगानाः मिर्चैया न. पा ११**

# आमाको माया

**प्रेम शर्मा ' एकान्त प्रेमी '**
**कालेबुङ**

दिपा को बिबाह कालेबुङमा भएको थियौं । आफुले मन पराएको केटा सग उनी बिना बाच्न सक्दैन थिई। दिपा , बिबाहको तीन वर्ष पछी एउटा सुन्दर नानी जन्मिन पुग्यो। उनिहरूले नानिको नाम प्रेम राखे यसरी निरन्तर जीवन अगाडि बढदै थियो ।

छोरालाई पिठ्युँ मा बोकेर दिपा भारी बोक्थिन गर्न जान्थिन। अचानक सडकमा हिडिरहेको समय गाडी को ठक्करबाट बुबाको मृत्यु भयो भने प्रेम अपांग भयौं यो सन्सार अध्यारो भयो ।

दिपा बेहोस भईन छोरालाई हतारमा अस्पतालमा पुर्याईन। कालेबुङ अस्पतालमा जहा भिड- भाड छ ।

दिपा ईमर्जेन्सी कक्ष गइन भनिन् खुट्टा को अप्रेसन गर्नुपर्ने हुन्छ । तर उ हिडन सक्दैन । हामी सक्दो कोशिश गर्ने छौ । अनि आँखा को ज्योति पनि गुमेको छ।

अप्रेसन भयो,तर उस्को आँखा ठिक भएन दिपा लाई देख्न सक्दैन छोराको लागि अन्धी भईन्। घर लिएर गयो। दिन बित्दै गयो। प्रेम को सफलताको शिखर चुम्दै छ कालेबुङ रकभेल ऐकेडेमी मा उ कालेबुङ को नै टप भयौं ।कलेजमा साथीहरूले अन्धीको छोरा भन्थे। आमाले लिन आउदा प्रेम लाई रिस उठन थाल्यो। आमा टाढा भाग्न थाल्यो।

प्रेम आमा सग छुट्टै बस्न थाल्यो ।धेरै दिन बाट छोराको आवाज सुन्न नपाउदा आमाको माया-ममताले आशु को नदि बन्नु पुग्यो

आमा घरमा आउदा पनि बोल्दैन।सुनेको नसुने झै गर्यो।आमाले मायाको भक्कानो थिचेर निस्किदै थिई कालेबुङ १० माईलमा गाडीले ठक्कर दिदा घटनास्थल मृत्यु हुन पुगिन्।

प्रेम ले आमाको मृत शरीर देखेर काखमा उठाई रून थाल्यो। आमाको यस्तो हाल देखेर कराउन थाल्यो आज रिस लाई काबु मा राक्न नसक्दा प्रेम ले आमा गुमाउनु पुग्यो ।

आमा लाई कहिले दुःख नदिने । आमाको ममता सधैं अजम्बरी छ प्रेम लाई आमाको मायाको याद ले सताएको छ ।

## "कर्मको फल"

एक दिन को कुरा हो , भगवान श्री कृष्णले आफ्नो भक्तलाई कर्म को बारेमा सम्झाइरहनु भएको थियो। भक्तले दुःखी भएर सोध्यो, "प्रभु, मैले कसैलाई हानि गरेको छैन, तैपनि म किन दुःख भोग्छु?" भगवान श्री कृष्ण ले मुस्कुराउँदै उसलाई खेतमा लगे। त्यहाँ एउटा बीउ छर्ने किसानलाई औंल्याउँदै उनले भने।

जून बीउ हामी रोप छौ त्यही बीउले फल दिन्छ। आज तपाईंले पाउने फल तपाईंको विगतका कर्महरूको परिणाम हो। र तपाईंले आज गर्ने कामले भोलि तपाईंको भविष्यलाई आकार दिनेछ। भक्तको आँखामा आँसु झर्यो। उसले बुझ्यो कि कर्मले तपाईंको भाग्यलाई आकार दिन्छ। असल कर्मले मात्र साँचो खुशी ल्याउँछ। त्यही भएर जब हामी आज मेहनत का साथ काम गर्छौ तब हाम्रो फल पक्कै मिलछ ।



**लेखक नाम :- आनन्द कुमार कामत**
**ठेगाना :- जनकनंदिनी गाउपालिका टोल (५)**
**पतनुका , धनुषा (नेपाल)**

# रितेश देशमुखको फिल्म 'राजा शिवाजी' को विशेष शो काठमाडौंमा

एजेन्सी । बलिउड अभिनेता रितेश देशमुखको 'ड्रिम प्रोजेक्ट' मानिएको फिल्म 'राजा शिवाजी' नेपालमा पनि रिलिज हुने भएको छ। वितरण कम्पनी नेओम फिल्म्सका कश्यप नरेन्द्र वेद र नवीन उदासले फिल्म भारतसँगै नेपालमा पनि रिलिज हुने जनाए।

रिलिजकै दिन विशेष शो गर्ने वितरकको तयारी छ। जसमा भारतीय दूतावासका प्रतिनिधि, नेपाली सञ्चारकर्मी र सेलिब्रेटीको सहभागिता हुने जनाइएको छ।



'साहस, नेतृत्व र स्वराजका प्रतीक छत्रपति शिवाजी महाराजको जीवन र दृष्टिकोणलाई नेपालमा प्रस्तुत गर्न पाउँदा हामी निकै उत्साहित छौँ', वितरक कश्यप नरेन्द्र वेदले भने ' यो केवल एउटा फिल्मको प्रदर्शन मात्र नभई भारत र नेपालबीचको गहिरो सांस्कृतिक र ऐतिहासिक सम्बन्धलाई थप बलियो बनाउने माध्यम पनि हो।'

दुवै राष्ट्रको वीरताको साझा इतिहास र आध्यात्मिक मूल्यमान्यताले पुस्तौँदेखि हामीलाई प्रेरित गर्दै आएको छ।' वितरक वेदले फिल्मको महत्वलाई ध्यानमा राख्दै सिनेमा हलहरूलाई धेरै सो उपलब्ध गराउन समेत आग्रह गरेका छन्।

मराठा साम्राज्यकासंस्थापकछत्रपतिशिवाजीमहाराजको जीवनमा आधारित यस फिल्मलाई अभिनेता रितेश आफैँले निर्देशन गरेका हुन् भने मुख्य भूमिकामा पनि उनी स्वयं देखिएका छन् । फिल्ममा जेनेलिया देशमुख, सञ्जय दत्त, विद्या बालन, अभिषेक बच्चन र महेश मान्जरेकर जस्ता दिग्गज कलाकारको पनि अभिनय छ।

रितेशका कान्छा छोरा राहिल देशमुखले यस फिल्ममा छत्रपति शिवाजी महाराजको बाल्यकालको भूमिका निर्वाह गर्दै अभिनयमा डेब्यु गरेका छन्।

जियो स्टुडियोज, ज्योति देशपाण्डे र जेनेलिया डिसुजाले निर्माण गरेको फिल्म आगामी मे १ (वैशाख १८ गते) देखि नेपालमा प्रदर्शनमा आउनेछ । मिडिया रिपोर्टका अनुसार फिल्मको बजेट १०० करोड भारतीय रुपैयाँभन्दा बढी छ।

देशमुखले निर्देशन गरेको यसअघिको मराठी फिल्म 'वेड' व्यावसायिक रूपमा निकै सफल भएको थियो, जसका कारण 'राजा शिवाजी' प्रति दर्शकको ठूलो अपेक्षा छ।

# 'पुष्पा २' लाई उछिन्दै 'धुरन्धर २' बन्यो विश्वभर धेरै कमाउने तेस्रो भारतीय फिल्म

एजेन्सी । बलिउड निर्देशक आदित्य धरको फिल्म 'धुरन्धर : द रिभेन्ज'ले विश्वव्यापी कमाइमा एउटा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। फिल्मले १,७५० भारु ग्रस कमाइ पार गर्दै सुकुमारको 'पुष्पा २ : द रुल' लाई पछि पार्न सफल भएको हो । यससँगै 'धुरन्धर २' सर्वाधिक कमाउने भारतीय फिल्मको सूचीमा तेस्रो स्थानमा उक्लिएको छ । यस सूचीमा अहिले पनि 'बाहुबली : द कन्क्लुजन' र 'दंगल' मात्र अगाडि छन्।



आइतबार (अप्रिल १९) सम्म आइपुग्दा फिल्मले विश्वभर १७५० करोड भारु ग्रस कमाइ गरेको हो। यसमध्ये भारतमा मात्रै १,१११ करोड भारु नेट कलेक्सन छ, जुन घरेलु बजारमा दोस्रो उच्च कमाइ हो । विदेशमा फिल्मले ४६ मिलियन अमेरिकी डलर कमाएको छ, जसले यसलाई ओभरसिज कमाइतर्फ शीर्ष १० नजिक पुर्‍याएको छ।

रणवीर सिंह अभिनित फिल्मले सन् २०२४ मा रिलिज भएको अल्लु अर्जुनको 'पुष्पा २' (१७४२ करोड ग्रस)लाई उछिनेको हो। 'पुष्पा २'ले आफ्नो अधिकांश कमाइ भारतमै गरेको थियो, जहाँ यसको नेट कलेक्सन १,२३४ करोड भारु पुगेको थियो। तर अन्तर्राष्ट्रिय बजारमा यसको कमाइ ३२ मिलियन डलर मात्र थियो।

अब 'धुरन्धर २' को लक्ष्य एसएस राजामौलीको 'बाहुबली २' बनेको छ, जसको विश्वव्यापी कमाइ १,७८८ करोड रुपैयाँ (मुद्रास्फीति समायोजन बिना) छ। शनिबार मात्रै फिल्मले विश्वभर ६.७० करोड भारु कमाएको छ भने आइतबार करिब ७ करोड थप्ने अनुमान गरिएको छ। यसले कुल कमाइलाई करिब १७५५ करोड रुपैयाँ पुर्‍याउनेछ, जुन 'बाहुबली २'को लाइफटाइम कमाइभन्दा करिब ३३ करोड कम हो।

सोमबारदेखि कमाइमा गिरावट आउने अनुमान गरिए पनि केही साताभित्र 'बाहुबली २' को रेकर्ड समात्ने सम्भावना छ। यद्यपि 'भूत बंगला'को रिलिजले 'धुरन्धर २'को कमाइमा केही असर पारेको छ । तर आगामी केही सातासम्म ठूलो प्रतिस्पर्धी फिल्म नआउने भएकाले यसको गति कायम रहने अपेक्षा छ । छिट्टै ओटीटीमा नआउने भएकाले हलमा यसको रन अझै लम्बिने देखिन्छ।

तर, 'दंगल'को २,०७० करोड भारुको सर्वकालीन रेकर्ड भने 'धुरन्धर २'ले पार गर्न कठिन देखिएको छ । वास्तवमा यो फिल्म १,८०० करोड भारु नै पार गर्न संघर्ष गर्न सक्छ । यसको एउटा मुख्य कारण गल्फ देशमा रिलिज नहुनु हो, जसले कम्तिमा १२-१५ मिलियन डलर (करिब ११०-१४० करोड भारु) कमाइ घटाएको मानिन्छ।

यदि गल्फ रिलिज भएको भए फिल्म २,००० करोड नजिक पुग्न सक्थ्यो । तुलना गर्दा 'दंगल' को ठूलो हिस्सा चीन बजारबाट आएको थियो, जहाँ यो अहिलेसम्मकै उच्च कमाउने अन्तर्राष्ट्रिय फिल्ममध्ये एक हो। चीन रिलिज अघि भने 'दंगल'को कमाइ ७१६ करोड भारु मात्र थियो।

अर्कोतर्फ, 'धुरन्धर २'ले 'पुष्पा २'को घरेलु कमाइ (१२३४ करोड भारु) को रेकर्ड पनि तोड्न सक्ने देखिँदैन। अहिले यो करिब १२० करोड भारु पछि छ र त्यो अन्तर घटाउने पर्याप्त गति देखिएको छैन।

# रेखाको 'माया भनेकै यस्तो होला' भदौ २६ मा आउने

अभिनेत्री रेखा थापाको ८ वर्षपछिको निर्देशकीय कमब्याक फिल्म 'माया भनेकै यस्तो होला' हरितालिका तीजको छेको पारेर भदौ २६ गतेबाट प्रदर्शनमा आउने भएको छ। शुक्रबार निर्माताले एफडी कम्पनी, एप्पल इन्टरटेन्मेन्ट र रिच इन्टरटेन्मेन्टसँग वितरणसम्बन्धी सम्झौता गर्दै प्रदर्शन मितिबारे जानकारी दिएका हुन्।



नयाँ र पुराना पुस्ताका स्थापित कलाकारहरूको संयोजन रहेको यस फिल्ममा मदनकृष्ण श्रेष्ठ, दिल श्रेष्ठ, सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ, नीति शाह, उषा खड्गी, लक्ष्मी गिरी, विशाल पहाडी, संगम भण्डारी, रवि डंगोल, सुनिता श्रेष्ठ, विनोद पौडेल लगायतको अभिनय देख्न सकिनेछ । दिलले यही फिल्मबाट करिब ६ वर्षपछि अभिनयमा पुनरागमन गरेका हुन्।

पारिवारिक र त्रिकोणात्मक प्रेमकथामा आधारित यस फिल्मका निर्माता हरि नारायण श्रेष्ठ र माया देवी श्रेष्ठ हुन् । यसमा पत्रकार ध्रुव लम्सालको लेखन रहेको छ । उनी यही फिल्ममार्फत १० वर्षपछि लेखनमा फर्किएका हुन्। यसअघि उनले 'कन्यादान', 'को कस्को', 'चिनो', 'मन परेपछि', 'वरदान', 'नतिजा', 'जाऊँ हिँड पोखरा' लगायतका फिल्म लेखेका थिए।

दीया एण्ड अमु फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्ममा सुदीप बरालको छायांकन तथा प्रशान्त सिवाकोटीको संगीत रहेको छ भने पत्रकार राजन घिमिरे को-अर्डिनेटरको रूपमा छन्। फिल्मका प्रमुख सहायक निर्देशक अनिरुद्ध आत्रेय हुन्। यो फिल्मले प्रेमकथाको माध्यमबाट सामाजिक भावना र परिवेशलाई उठान गरेको बताइएको छ।

# वैशाख ११ : लोकतन्त्र दिवस



काठमाण्डु । बीसौँ लोकतन्त्र दिवस विभिन्न कार्यक्रम आयोजना गरी आज देशभर मनाइँदैछ।

विसं २०६३ वैशाख ११ गते तत्कालीन राजा ज्ञानेन्द्रले आन्दोलनरत दलको मार्गचित्रबमोजिम विसं २०५९ जेठ ८ गते विघटन भएको संसद् पुनर्स्थापना गर्नुभयो। जनताको विजय भएको खुसीयालीमा विसं २०६४ देखि देशभर लोकतन्त्र दिवस मनाउन थालिएको हो।

विसं २०५९ असोजमा संसद् विघटनपछि सशस्त्र द्वन्द्वका कारण निर्वाचन हुन सकेन । निर्वाचन नभएपछि राजाले इच्छा लागेका मानिसलाई प्रधानमन्त्री बनाउने र हटाउने शृङ्खला चल्यो ।

राजा ज्ञानेन्द्रले लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र शेरबहादुर देउवा गरी तीन जनालाई प्रधानमन्त्री बनाउँदै हटाउँदै गर्नुभयो । विसं २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नै हातमा लिनुभएपछि आन्दोलनरत सात दल र तत्कालीन सशस्त्र युद्धरत नेकपा (माओवादी)का बीच १२ बुँदे समझदारी भयो ।

विसं २०६२ मङ्सिरमा १२ बुँदे समझदारीका माध्यमबाट तीन ध्रुवमा विभाजन भएका राजनीतिक शक्ति दुई ध्रुवमा आएपछि आन्दोलनले गति लियो। २०६२ फागुनदेखि पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सुरु भएको निर्णायक आन्दोलनले चैतमा गति लियो।

नयाँ वर्षसँगै लाखौं जनता सडकमा आए। चक्रपथ मानवसागरले भरिएपछि राजा ज्ञानेन्द्र दलहरूको मार्गचित्रमा सहमत हुनुभयो । आन्दोलनरत दलले गरेकै मस्यौदाका आधारमा राजा ज्ञानेन्द्रले वैशाख ११ गते राति संसद् पुनर्स्थापनाको घोषणा गरी बैठकसमेत आह्वान गर्नुभयो। यसैले यस दिनलाई लोकतन्त्र दिवस भनिन्छ । यो दिन नै गणतन्त्रको जगका रूपमा स्थापित बन्यो।

विसं २०६३ जेठ ४ गतेको संसद्ले राजदरबारको अधिकार कटौती गर्दै राजसंस्थालाई निलम्बन गर्‍यो । बैठकले माओवादीलाई शान्ति प्रक्रियामा ल्याई संविधानसभा निर्वाचन गर्ने सङ्कल्प प्रस्ताव पारित गरेको थियो । यसलाई नेपाली म्याग्नाकार्टा पनि भनिन्छ।

यसैको जगमा विसं २०६४ चैत २८ गते पहिलो संविधानसभा निर्वाचन भयो । संविधानसभाको २०६५ जेठ १५ गते बसेको पहिलो बैठकले २४० वर्षे राजसंस्थाको विधिवत् अन्त्य गर्‍यो । पहिलो संविधानसभाले संविधान जारी गर्न नसके पनि धेरै काम गरेको थियो।

विसं २०७० मङ्सिर ४ गते सम्पन्न दोस्रो संविधानसभा निर्वाचनबाट निर्वाचित सभाले २०७२ असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भयो ।रासस

# सञ्चारमन्त्री तिमिल्सिनासँग अमेरिकी र कोरियाली राजदूतको छुट्टाछुट्टै भेट

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनासँग नेपालका लागि गणतन्त्र कोरियाका राजदूत पार्क ताइयङ तथा नेपालका लागि अमेरिकी कार्यवाहक राजदूत स्कट अर्बमले शिष्टाचार भेट गर्नुभएको छ।

कार्यवाहक राजदूत अर्बमको भेटमा नेपालको डिजिटल रूपान्तरण, सूचना प्रविधि तथा दूरसञ्चार क्षेत्रको विकासका लागि द्विपक्षीय सहकार्य, सहयोग र समन्वयलाई थप सुदृढ बनाउने विषयमा छलफल भएको थियो । राजदूत अर्बमले नेपालमा सूचना प्रविधिको विकासका लागि अमेरिका सहयोग गर्न तयार रहेको बताउनुभयो। साथै, सूचना प्रविधि र दूरसञ्चार क्षेत्रमा उपयुक्त नीति तथा सहज लगानी वातावरण निर्माण गर्न सके वैदेशिक लगानी आकर्षित हुने धारणा उहाँले व्यक्त गर्नुभयो।

उक्त अवसरमा मन्त्री तिमिल्सिनाले नेपाल र अमेरिका सम्बन्ध आपसी सम्मान र सहयोगमा आधारित रहेको उल्लेख गर्दै नेपालको सामाजिक आर्थिक विकासमा अमेरिकाले पुर्‍याउँदै आएको योगदानका लागि धन्यवाद



व्यक्त गर्नुभयो। उहाँले नेपाल राजनीतिक स्थायित्वको नयाँ चरणमा प्रवेश गरेको र वर्तमान सरकार सुशासन, पारदर्शिता तथा संस्थागत सुधारप्रति प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो। साथै, सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन सरकार इच्छुक रहेको र त्यसका लागि आवश्यक नीतिगत तथा नियामक सुधार तीव्र रूपमा अघि बढाइएको बताउनुभयो।

त्यसैगरी, कोरियाली राजदूत पार्क ताइयङको भेटमा नेपालको डिजिटल रूपान्तरण, डिजिटल अर्थतन्त्र तथा कृत्रिम बौद्धिकताको क्षेत्रमा सहकार्य विस्तार गर्ने विषयमा छलफल भएको थियो । राजदूत पार्कले कोरियाले सूचना प्रविधि, कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखी नेपाललाई सहयोग गर्दै आएको उल्लेख गर्नुभयो । सूचना प्रविधि र दूरसञ्चार क्षेत्रमा नीतिगत सुधार र लगानीमैत्री वातावरण निर्माण भएमा प्रत्यक्ष वैदेशिक लगानी बढ्ने उहाँको भनाइ थियो।

राजदूत पार्कले रोजगार अनुमति प्रणाली (इपीएस) मार्फत ठूलो सङ्ख्यामा नेपाली युवाहरूलाई रोजगारीको अवसर प्रदान गरिएको उल्लेख गर्दै यसले आर्थिक लाभका साथै सीप तथा ज्ञान हस्तान्तरणमा समेत सहयोग पुगेको विश्वास व्यक्त गर्नुभयो । साथै, कोरियाले नेपालको डिजिटल पूर्वाधार, साइबर सुरक्षा तथा कृत्रिम बौद्धिकता क्षेत्रमा सहयोग गर्न तयार रहेको बताउनुभयो।

सो अवसरमा मन्त्री तिमिल्सिनाले नेपाल-दक्षिण कोरिया सम्बन्ध आपसी विश्वास र सद्भावमा आधारित रहेको उल्लेख गर्दै कोरियाले नेपालको विकासमा पुर्‍याएको सहयोगको प्रशंसा गर्नुभयो । उहाँले सरकारी तथ्याङ्क पूर्वाधार तथा क्लाउड टेक्नोलोजीमा आधारित सेवाको सुदृढीकरणमा कोरियाली सहयोगप्रति आभार व्यक्त गर्नुभयो । साथै, कोरियाली लगानीकर्ताहरूलाई नेपालमा सूचना प्रविधि तथा पूर्वाधार क्षेत्रमा लगानी गर्न आह्वान गर्दै सरकारले लगानीमैत्री वातावरण निर्माण गर्ने प्रतिबद्धता जनाउनुभयो।

भेटवार्तामा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका पदाधिकारी, परराष्ट्र मन्त्रालयका प्रतिनिधि तथा सम्बन्धित दूतावासका अधिकारीहरूको उपस्थिति रहेको थियो ।रासस

## सुकुम्वासी व्यवस्थापन अभियान: सहयोगका लागि वास्तविक सुकुम्वासीलाई आग्रह

काठमाण्डु। सरकारले शुरु गर्न लागेको सुकुम्वासी/भूमिहीन व्यवस्थापन प्रक्रियालाई सघाउन नेपाल प्रहरीले नदी किनार तथा सार्वजनिकस्थलमा बसोबास गरिरहेका नागरिकलाई आग्रह गरेको छ।

सुकुम्वासी/भूमिहीनको उज्ज्वल भविष्य, सुरक्षित बसोबास र सम्मानजनक जीवनयापन सुनिश्चितताका लागि सुकुम्वासी व्यवस्थापन अभियान सञ्चालन गर्न लागिएको प्रहरीले जनाएको छ। वास्तविक सुकुम्वासी/भूमिहीन पहिचान गरी न्यायोचित आवास तथा अधिकार प्रदान गर्ने उद्देश्यका साथ उक्त अभियान सुरु हुन लागेको नेपाल प्रहरीका प्रहरी प्रवक्ता अबिनारायण काफ्लेले जानकारी दिनुभयो।

सोसम्बन्धी समस्या समाधान नहुँदा वास्तविक सुकुम्वासी/भूमिहीन राज्यबाट प्राप्त हुने सेवासुविधाबाट वञ्चित हुनुपरेको जनाउँदै प्रहरीले आफ्नो हक, अधिकार मिच्ने नक्कली सुकुम्वासी/भूमिहीन व्यक्तिहरूको पहिचान गरेर सहयोग गर्न आग्रह गरेको छ।

"वास्तविक सुकुम्वासी/भूमिहीनहरू एकजुट भएर राज्यले गर्न लागेको व्यवस्थापन कार्यमा सहयोग तथा सहकार्य गरी सुरक्षा निकायलाई समयमा सही सूचना दिई सहयोग गरिदिनुहुन हामी विनम्र अनुरोध गर्दछौँ", प्रहरी प्रधान कार्यालयद्वारा आज जारी अपिलमा उल्लेख छ। रासस

# नयाँ नियमावलीमा सांसदको विशेषाधिकार प्रस्ताव

काठमाण्डु । प्रतिनिधिसभा नियमावली सांसदको विशेषाधिकारका रूपमा अघि बढाउन प्रस्ताव गरिएको छ। प्रतिनिधिसभाले गठन गरेको नियमावली मस्यौदा समितिले तयार पारेको प्रस्तावमा सभा, समिति र सदस्यको हकमा नियमावली सङ्घीय कानुनका रूपमा विशेष कानुनसरह लागू हुने उल्लेख छ।

नियमावली मस्यौदामा प्रस्तावना, परिभाषा, अधिवेशन र बैठक सञ्चालन, अध्यक्षता, सदस्यको उपस्थिति, संविधान संशोधन विधेयक, महाअभियोग प्रस्ताव, प्रत्यायोजित विधायनलगागत विषयमा सुधार र थप स्पष्ट पार्ने प्रयास भएको सङ्घीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिनुभयो।

संसद् र समितिमा हुने छलफल र बहसमा सांसदबाट बेलाबखत प्रयोग हुने शब्दका विषयमा उठ्दै आएका प्रश्नलाई नियमावलीमार्फत नै सम्बोधन गर्ने प्रसास गरिएको छ। मस्यौदामा अशिष्ट, अश्लील, अपमानजनक, आपत्तिजनक शब्द वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने र कुनै व्यक्ति, जाति, धर्म, भाषा वा लिङ्गलाई होच्याउने वा अरु कुनै किसिमले असर पर्ने, भेदभाव गर्ने, मर्यादा घटाउने, अप्रमाणित आरोप लगाउने, भौगोलिक भेदभाव झल्कने गरी बोलेको शब्दलाई 'असंसदीय शब्द' भनी किटान गरिएको छ।

मस्यौदामा 'प्रत्यायोजित विधायन' स्पष्ट गर्दै नियमावली, आदेश, गठन आदेश, विनियमावली, निर्देशिका, कार्यविधि वा मापदण्डलाई समेटिएको छ।



बैठकमा पेस हुने विषयको प्राथमिकता तथा समयावधिको निर्धारणलगायत विषयमा परामर्श दिन सभामुखको अध्यक्षतामा प्रतिनिधिसभामा रहेको दलीय प्रतिनिधित्वको आधारमा पदेन सदस्यबाहेक बढीमा पन्ध्र सदस्य रहेको कार्यव्यवस्था परामर्श समिति गठन गर्ने व्यवस्था गरिएको छ। यसअघि सो समिति २१ सदस्यीय रहेको थियो।

नियमावलीको नियम १५ मा संसद्को आकस्मिक, शून्य र विशेष समयमा उठेका विषयको जवाफ सम्बन्धित मन्त्रीले सात दिनभित्र सदनमा दिनुपर्ने बाध्यात्मक व्यवस्था गरिएको छ। यसअघि जवाफका लागि समय किटान गरिएको थिएन।

सांसदले बैठक कक्षमा रहँदा फोन 'साइलेन्स' अवस्थामा राख्नुपर्ने, फोनमा कुरा गर्न, फोटो खिच्ने तथा अडियो र भिडियो रेकर्ड गर्न नहुने नियमावली मस्यौदामा प्रस्ताव गरिएको छ।

संविधान संशोधन विधेयकको कार्यविधिबारे पनि नियमावलीमा स्पष्ट पारिएको छ। संविधानको धारा २७४ को उपधारा (४) र अनुसूची-६ मा उल्लिखित विषयका हकमा सोही उपधारा र अनुसूचीमा लेखिएको अवधिभित्र सहमतिका लागि प्रदेशसभामा पठाउनुपर्ने प्रस्ताव गरिएको छ।

संविधानको उक्त धारामा 'कुनै प्रदेशको सिमाना परिवर्तन वा अनुसूची-६ मा उल्लिखित विषयसँग सम्बन्धित भएमा त्यस्तो विधेयक सङ्घीय संसद्मा प्रस्तुत भएको ३० दिनभित्र सम्बन्धित सदनको सभामुख वा अध्यक्षले सहमतिका लागि प्रदेशसभामा पठाउनुपर्नेछ' भन्ने उल्लेख छ।

प्रतिनिधिसभाबाट पारित भई राष्ट्रियसभामा पठाइएको संविधान संशोधनसम्बन्धी विधेयक सन्देशसहित प्राप्त भएपछि प्रस्तावको पक्षमा प्राप्त भएको जम्मा मत दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा दुईतिहाइ पुगेको भए संविधान संशोधनको विधेयक सभामुखले प्रमाणित गरी प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउने व्यवस्था मस्यौदामा गरिएको छ। यसअघि प्रतिनिसभा नियमावली, २०७९ मा सो व्यवस्था 'कानुनबमोजिम हुने' भन्ने मात्रै उल्लेख थियो।

नियम १५७ मा राष्ट्रपति वा उपराष्ट्रपतिविरुद्ध पेस गरिने महाअभियोगको प्रस्तावमा प्रस्ताव पेस गर्नुपरेको आधार र कारण खुलाई सोको सूचना महासचिव वा निजको अनुपस्थितिमा सचिवलाई दिनुपर्ने व्यवस्था गरिएको छ।

नियम १६२ मा द्रुत प्रक्रियाबाट समेत टुङ्गो लाग्न नसकेको महाभियोगको प्रस्ताव निर्वाचनपश्चात् गठन हुने प्रतिनिधिसभाको लागि अभिलेखको रूपमा रहने र यसबारे निर्वाचनपश्चात् सभा गठन भएको पाँच महिनाभित्र त्यस्तो अभिलेख ग्रहण गरी अर्को पाँच महिनाभित्र आवश्यक निर्णय गरिसक्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ।

कार्यपालिका र व्यवस्थापिकाबीचमा शक्ति सन्तुलन कायम गर्ने सन्दर्भमा विषयगत समितिले दिएका निर्देशन, राय, सल्लाह र सुझाव सम्बन्धित निकायले ३० दिनभित्र कार्यान्वयन गरेको प्रगति विवरण प्राप्त पाउने विषय नियमावलीमा राखिएको छ। समितिले दिएका त्यस्ता निर्देशन कार्यान्वयन भए/नभएका बारेमा ३० दिनभित्र पुनरावलोकन गरिनेछ।

सभापतिलाई जानकारी नदिई लगातार पाँचवटा बैठकमा अनुपस्थित रहने सदस्यलाई सभापतिको सिफारिसमा सभामुखले समितिबाट हटाउन सक्नेछ व्यवस्था गरिएको छ।

नियमावलीमा प्रतिनिधिसभा गठन हुने विशेषाधिकार समितिको आकार घटाइ १५ सदस्यमा सीमित गरिएको छ । यसअघि सो समिति २१ सदस्यीय रहने व्यवस्था थियो । विशेषाधिकार समितिले आवश्यक ठहर्‍याएमा अभियोग लागेको व्यक्तिलाई बढीमा तीन महिनासम्म थुनामा राखी कारबाही गर्न सक्ने व्यवस्थाका लागि प्रस्ताव गरिएको छ। यसअघि तीन महिनाको समय किटान गरिएको थिएन।

प्रतिनिधिसभा नियमावली मस्यौदा समितिले यही वैशाख ८ गते आफ्नो प्रतिवेदन सभामुख डोलप्रसाद अर्यालसमक्ष बुझाएको थियो । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद गणेश पराजुलीको संयोजकत्वमा संसद्मा प्रतिनिधित्व गर्ने विभिन्न छ राजनीतिक दलका तर्फबाट १५ सदस्यीय नियमावली मस्यौदा समिति गठन भएको थियो।

नियमावलीको मस्यौदालाई यही वैशाख १७ गतेदेखि सुरु हुने प्रतिनिधिसभाको अधिवेशनमा पेस हुने संसद् सचिवालयका प्रवक्ता गिरीले जानकारी दिनुभयो।

समितिले नियमित रूपमा १४ वटा बैठक बसी मस्यौदा प्रतिवेदनलाई अन्तिम रूप दिएको हो । समितिमा सांसदहरू ओजस्वी शेरचन, ऐनबहादुर महर, खगेन्द्र सुनार, खुश्बु ओली, गजाला शमीम मिकरानी, तपेसवर यादव, ध्रुवराज राई, निशा डाँगी, निश्कल राई, बलावती शर्मा, मधुकुमार चौलागाईँ, यज्ञमणि न्यौपाने, रेखाकुमारी यादव र सुलभ खरेल हुनुहुन्थ्यो। रासस


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय मिर्चैया, सिराहाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०१/१२ गतेको जनकपुर टुडे राष्ट्रिय

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८२/११/१२ को जनकपुर टुडे राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**तपसिल**

<table>
<tr><th colspan="2">ऋणीको विवरण</th></tr>
<tr><td colspan="2">सहदेव यादवको नाति, बुधराम यादवको छोरा, सिराहा जिल्ला, साविक चन्द्रअयोध्यापुर गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने प्रदिप कुमार यादव (ना.प्र.नं. ५७८९/६३, जारी मिति २०६३/०१/२४, जि.प्र.का. सिराहा)।</td></tr>
<tr><th colspan="2">व्यक्तिगत जमानतकर्ताको विवरण</th></tr>
<tr><td>१. सहदेव यादवको नाति, बुधराम यादवको छोरा, सिराहा जिल्ला, साविक चन्द्रअयोध्यापुर गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने श्रवन कुमार यादव (ना.प्र.नं. १५१०७०/१६४२५, जारी मिति २०६८/०७/०२, जि.प्र.का. सिराहा)।</td><td>२. सहदेव यादवको बुहारी, बुधराम यादवको पत्नी, सिराहा जिल्ला, साविक चन्द्र अयोध्यापुर गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने रजनी कुमारी यादव (ना.प्र.नं. १५३०७०/२७, जारी मिति २०६३/१०/०९, जि.प्र.का. सिराहा)।</td></tr>
<tr><td colspan="2">३. धनई यादवको नाति, सहदेव यादवको छोरा, सिराहा जिल्ला, साविक डुमरी गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने बुधराम यादव (ना.प्र.नं. ३९४८०१४८, जारी मिति २०४७/०३/३१, जि.प्र.का. सिराहा)।</td></tr>
<tr><th colspan="2">धितोको विवरण</th></tr>
<tr><td colspan="2">प्रदिप कुमार यादव (ना.प्र.नं. ५७८९/६३, जारी मिति २०६३/०१/२४, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मालपोत कार्यालय सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, साविक रामनगर गा.वि.स./न.पा. वडा नं. ४ नक्सा सिट नं. ४ क स्थित कि.नं. ४५४५ को क्षेत्रफल ०-०-१४ (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।</td></tr>
<tr><th colspan="2">शर्तहरु :</th></tr>
<tr><td colspan="2">१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।<br>
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०१/२६ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय मिर्चैया, सिरहामा बुझाई सक्नु पर्नेछ।<br>
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०१/२७ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय मिर्चैया, सिरहामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।<br>
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।<br>
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।<br>
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९०००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।<br>
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।<br>
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।<br>
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।<br>
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।<br>
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय मिर्चैया, सिरहामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।<br>
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।</td></tr>
</table>

Siddhartha Bank
शाखा कार्यालय : मिर्चैया, सिरहा
फोन नं. ०३३-५५००८४
Website : www.siddharthabank.com


# सभापति थापाद्वारा लोकतन्त्र दिवसको शुभकामना

काठमाण्डु। नेपाली कांग्रेस सभापति गगनकुमार थापाले लोकतन्त्रको विकल्प अझ सुदृढ, उत्तरदायी र जनमुखी लोकतन्त्र भएको बताउनुभएको छ।

लोकतन्त्र दिवसका अवसरमा शुभकामना व्यक्त गर्दै उहाँले आजको यथार्थमा अपेक्षा र उपलब्धिबीचको दूरी घटाउन अझ सुदृढ, उत्तरदायी र जनमुखी लोकतन्त्र आवश्यक रहेकोमा जोड दिनुभएको छ।

सभापति थापाले जनअधिकार र लोकतन्त्रका लागि आफ्नो जीवन उत्सर्ग गर्ने महान् सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै लोकतान्त्रिक सङ्घर्षबाट प्राप्त उपलब्धिहरूलाई केवल इतिहासका पानामा सीमित नभई जनजीवनमा अनुभूत हुने व्यवस्था बनाउन सक्नु नै साझा दायित्व भएको सन्देशमा उल्लेख गर्नुभएको छ।

उहाँले संविधानको मर्मलाई व्यवहारमा उतार्दै सुशासन र विकासमार्फत जनताको विश्वास जित्नु आजको आवश्यकता भएको बताउनुभएको छ। रासस

# वास्तविक सुकुम्वासीको व्यवस्थापन हुन्छः प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाहले देशभरका वास्तविक सुकुम्वासीहरूको यथार्थ पहिचान गरेर उनीहरूलाई यथाशक्य जग्गा वितरण गरी स्थायी व्यवस्थापन गरिने बताउनुभएको छ।

आफ्नो फेसबुक पेजमा प्रधानमन्त्री शाहले वर्षौंदेखिको सुकुम्वासी समस्याको स्थायी समाधान खोजेर उनीहरूको बसोबासको व्यवस्थापनका लागि सरकारले काम गरिरहेको पनि स्पष्ट गर्नुभएको छ।

प्रधानमन्त्री शाहले नदीकिनारमा बसोबास गरिरहेकाहरूको सुरक्षा र उपत्यकाको ढल निकास प्रणाली सुधारका गर्न पनि उनीहरूलाई स्थायी रूपमा अन्यत्रै स्थानान्तरण



आवश्यक रहेको पनि बताउनुभएको छ । उहाँले भन्नुभएको छ, "हरेक वर्षको बाढीका कारण काठमाडौँका नदीकिनारमा रहेका मानिसहरूले ज्यान जोगाउन सामान छोडेर भाग्नुपर्ने नियति छ । उनीहरूलाई जोखिमरहित सुरक्षित स्थानमा व्यवस्थापन गर्नु नागरिकको अधिकार हो।"

प्रधानमन्त्री शाहले काठमाडौँको थापाथलीलगायतका बस्तीलाई मानवीयताको ख्याल गरेर बल प्रयोग नगरी सुरक्षित तवरबाट स्थानान्तरण र त्यसपछि व्यवस्थापन गर्न लागिएको पनि जानकारी दिनुभएको छ।

प्रधानमन्त्री शाहले आफ्नो चुनावी वाचा र सरकारको १०० दिने कार्ययोजनामा पनि सुकुम्वासी समस्या समाधान गर्ने विषय समेटिएको स्मरण गर्दै झापामा उम्मेदवार हुँदा गरेको वाचा, राष्ट्रिय स्वतन्त्र पार्टीको प्रतिबद्धता र सरकारको १०० वटा गर्नैपर्ने काममा पनि सुकुम्वासी व्यवस्थापन र सरकारी जग्गा अतिक्रमण रोक्ने विषय रहेको आफूले नबिर्सिएको बताउनुभयो। रासस

# ट्रम्पको 'नरक' पोस्टले भारत र अमेरिकाबीच चर्कियो कूटनीतिक विवाद

रासस/एएफपी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा सामाजिक सञ्जालमा गरिएको एक विवादास्पद अभिव्यक्तिले भारत-अमेरिका सम्बन्धमा नयाँ तनाव सिर्जना गरेको छ। भारतले उक्त टिप्पणीलाई कडा शब्दमा अस्वीकार गर्दै अनुचित र वास्तविकतासँग असम्बन्धित भएको जनाएको छ।



बुधबार राति ट्रम्पले सामाजिक सञ्जालमा साझा गरेको पोस्टमा अमेरिकामा जन्मिएका सबैलाई स्वतः नागरिकता दिने संवैधानिक व्यवस्थामाथि आलोचना गरिएको थियो।

सो पोस्टमा विशेषगरी भारतीय आप्रवासीहरूलाई लक्षित गर्दै उनीहरूले अमेरिकी मूल निवासीहरूलाई रोजगारी नदिने र अङ्ग्रेजी भाषामा दक्षता नभएको आरोप लगाइएको थियो। त्यस्तै, भारतलाई 'नरक' भन्दै गरिएको टिप्पणीले थप विवाद निम्त्याएको छ।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले ती अभिव्यक्तिहरूलाई 'स्पष्ट रूपमा अज्ञात, अनुपयुक्त र खराब स्वादमा' भएको प्रतिक्रिया दिनुभयो। उहाँले यस्ता भनाइहरूले भारत-अमेरिका सम्बन्धको वास्तविक स्वरूप झल्काउन नसक्ने बताउँदै दुई देशबीचको सम्बन्ध दीर्घकालीन आपसी सम्मान र साझा हितमा आधारित रहेको उल्लेख गर्नुभयो।

यसैबीच, भारतीय मूलका अमेरिकी डेमोक्रेट सांसद अमी बेराले पनि ट्रम्पको टिप्पणीको आलोचना गर्दै यसलाई ' आपत्तिजनक, अज्ञानी र पदको गरिमाभन्दा तल' रहेको बताउनुभयो। उहाँले ट्रम्पले आप्रवासी परिवारहरूले भोग्ने सङ्घर्ष कहिल्यै अनुभव नगरेको टिप्पणी गर्नुभयो।

हिन्दू अमेरिकन फाउन्डेसनले समेत उक्त पोस्टप्रति आपत्ति जनाउँदै यसलाई 'घृणित र जातिवादी अभिव्यक्ति' को संज्ञा दिएको छ। संस्थाले यस्तो अभिव्यक्तिले समाजमा विद्यमान जेनोफोबिया र जातीय विभाजनलाई अझ बढावा दिने चेतावनी दिएको छ।

अमेरिकामा आप्रवासन नीतिमा कडाइ ल्याउने आफ्नो प्रमुख एजेन्डाअन्तर्गत ट्रम्पले विशेषगरी भारतीय प्राविधिक कामदारहरूले प्रयोग गर्ने भिसा प्रणालीलाई लक्षित गर्दै आउनुभएको छ। यसले दुई देशबीचको सम्बन्धमा थप जटिलता थपेको छ।

यसअघि पनि भारत-पाकिस्तानबीचको तनावका क्रममा आफ्नो मध्यस्थतालाई पर्याप्त महत्त्व नदिएको भन्दै ट्रम्पले भारतप्रति असन्तुष्टि जनाउँदै व्यापारिक क्षेत्रमा समेत दबाब सिर्जना गर्न उच्च शुल्क लगाउनुभएको थियो। यसले दुई देशबीचको कूटनीतिक सम्बन्धमा चिसोपना ल्याएको विश्लेषण गरिएको छ।

रोचक पक्ष के छ भने, विशेषगरी चीनसँगको रणनीतिक प्रतिस्पर्धालाई ध्यानमा राख्दै विगतका अमेरिकी प्रशासनहरूले विश्वको सबैभन्दा ठूलो लोकतन्त्र भारतसँग सुदृढ सम्बन्ध कायम राख्न निरन्तर प्रयास गर्दै आएका थिए। तर ट्रम्पको पछिल्लो अभिव्यक्तिले सो दीर्घकालीन रणनीतिमा प्रश्न उठाएको छ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोको आसन्न भारत भ्रमणको तयारी भइरहेका बेला यस्तो विवाद सतहमा आउनु अर्थपूर्ण मानिएको छ। कूटनीतिक वृत्तमा यसलाई दुई देशबीचको सम्बन्ध सुधार्ने प्रयासका लागि चुनौतीका रूपमा हेरिएको छ।

# राष्ट्रपति रनिङ शिल्डमा तिलागुफा पहिलो




मान्म । कालीकोटको नरहरिनाथ गाउँपालिकामा सञ्चालित १६औँ जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ। जिल्लाका नौवटै स्थानीय तहको सहभागिता रहेको प्रतियोगितामा तिलागुफा नगरपालिका १५ स्वर्ण, ११ रजत र पाँच कास्यसहित जिल्लामा प्रथम भएको हो।

प्रतियोगितामा छ स्वर्ण, तीन रजत र तीन कास्यसहित कुल १२ पदक जितेर पलाँता गाउँपालिका द्वितीय भएको छ। आयोजक नरहरिनाथ गाउँपालिकाले तीन स्वर्ण, १२ रजत र नौ कास्य गरी कुल २४ पदकका साथ तृतीय स्थान हासिल गरेको छ। पचालझरना गाउँपालिकाले तीन स्वर्ण जित्दा महाबै गाउँपालिकाले दुई स्वर्ण, सान्नीत्रिवेणी गाउँपालिका र खौडाचक्र नगरपालिकाले एक-एक स्वर्ण पदक जितेका छन्।

रास्कोट नगरपालिका र शुभकालिका गाउँपालिकाले भने स्वर्ण पदक जित्न सकेनन्। रास्कोटले दुई रजत र पाँच कास्य पदक जितेको छ। शुभकालिका गाउँपालिका पदकविहीन बनेको छ। यस प्रतियोगितमा छनोट भएका उत्कृष्ट खेलाडीले अब प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्डमा कालीकोट जिल्लाको प्रतिनिधित्व गर्नेछन्। रासस

# डीपसिकको नयाँ एआईले विश्व प्रविधि दौड ततायो




रासस/एएफपी । कृत्रिम बौद्धिकता (एआई) क्षेत्रमा चीन-अमेरिका प्रतिस्पर्धा तीव्र भइरहेका बेला चिनियाँ स्टार्टअप डीपसिकले बहुप्रतीक्षित नयाँ एआई मोडेल सार्वजनिक गरेको छ। कम लागतमै उच्च क्षमताको मोडेल विकास गरेर यसअघि नै विश्वको ध्यान खिचेको कम्पनीले यसपटक अझ उन्नत संस्करण ल्याउँदै प्रविधि दौडलाई नयाँ मोड दिएको छ।

डीपसिकले सार्वजनिक गरेको 'डीपसिक-भी४' मोडेलले अत्यन्त लामो सन्दर्भ क्षमतासहित काम गर्ने सुविधा प्रदान गर्ने जनाएको छ। कम्पनीका अनुसार यसले करिब दस लाख शब्दसम्मको इनपुट सम्हाल्न सक्छ, जसले जटिल कार्यहरूमा यसको उपयोगिता उल्लेखनीय रूपमा बढाउनेछ। सामाजिक सञ्जाल वीच्याटमार्फत जारी विज्ञप्तिमा यसलाई ' लागत-प्रभावकारी' र प्रतिस्पर्धी मोडेलहरूको स्तरमा पुग्ने क्षमतायुक्त रूपमा प्रस्तुत गरिएको छ।

विश्वका ठूला प्रविधि कम्पनीहरू कृत्रिम बौद्धिकतामा ठूलो लगानी गर्दै कार्यबल पुनर्संरचना गरिरहेको बेला यो घोषणा आएको हो। मेटाले उत्पादकत्व बढाउने उद्देश्यले आफ्ना कर्मचारीहरूको उल्लेख्य हिस्सा कटौती गर्ने योजना अघि बढाएको छ भने माइक्रोसफ्टले पनि आफ्नो संरचना सानो बनाउने तयारी गरिरहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्।

डीपसिक-भी४ लाई दुई संस्करणमा ल्याइएको छ–भी४-प्रो र भी४-फ्ल्यास। भी४-प्रोमा करिब १६ खर्ब प्यारामिटरहरू समावेश छन् भने भी४-फ्ल्यासमा दुई खर्ब ८४ अर्ब प्यारामिटरहरू छन्। फ्ल्यास संस्करणलाई तुलनात्मक रूपमा सस्तो र बढी दक्ष विकल्पका रूपमा प्रस्तुत गरिएको छ। यी प्यारामिटर हरूले मोडेलको निर्णय क्षमता र विश्लेषण गर्ने दक्षतालाई परिष्कृत बनाउने कम्पनीको दाबी छ।

कम्पनीका अनुसार नयाँ मोडेलले 'एजेन्ट क्षमताहरू, विश्व ज्ञान र तर्क प्रदर्शन' का क्षेत्रमा खुला स्रोत तथा घरेलु दुवै खालका मोडेलहरूलाई उछिनेको छ। साथै, क्लाउड कोड, ओपनक्ला, ओपनकोड र कोडबड्डी जस्ता लोकप्रिय एआई उपकरणहरूसँग पनि यसलाई अनुकूल बनाइएको जनाइएको छ। कम्पनीले यसको प्रारम्भिक 'ओपन सोर्स' संस्करण प्रयोगकर्ताहरूका लागि उपलब्ध गराइसकेको छ।

डीपसिकले गत वर्ष जनवरीमा आर१ तर्क मोडेलमा आधारित च्याटबोट सार्वजनिक गरेपछि विश्व बजारमा ठूलो हलचल मच्चिएको थियो। 'डीपसिक झट्का' भनेर चिनिएको उक्त घटनाले एआई क्षेत्रका सेयर बजारमा प्रभाव पार्नुका साथै प्रविधि रणनीतिमा पुनर्विचार गर्न बाध्य बनाएको थियो। उक्त च्याटबोटले च्याटजीपीटीजस्ता अमेरिकी उत्पादनहरूसँग प्रतिस्पर्धा गर्न सक्ने क्षमता देखाए पनि यसको विकासमा कम कम्प्युटिङ शक्ति प्रयोग भएको कम्पनीको दाबी थियो।

यद्यपि, यसको तीव्र लोकप्रियतासँगै डेटा गोपनीयता र सेन्सरसिपसम्बन्धी चिन्ताहरू पनि उठेका थिए। विशेषगरी सन् १९८९ को तियानमेन घटनाजस्ता संवेदनशील विषयहरूमा प्रश्न गर्दा च्याटबोटले जवाफ दिन अस्वीकार गर्ने गरेको आरोप लागेको थियो।

चीनभित्र भने डीपसिकका एआई उपकरणहरू सरकारी निकाय, स्वास्थ्य संस्था, वित्तीय क्षेत्र तथा विभिन्न व्यवसायहरूले व्यापक रूपमा अपनाएका छन्। यसको प्रमुख कारण कम्पनीले आफ्ना प्रणाली खुला स्रोतका रूपमा उपलब्ध गराउने नीति अपनाउनु रहेको विश्लेषण गरिएको छ, जुन पश्चिमी कम्पनीहरूको स्वामित्वमा आधारित मोडेलभन्दा फरक दृष्टिकोण हो।

गत महिना चिनियाँ प्रधानमन्त्री ली किआङले समेत चिनियाँ एआई मोडेलहरूले विश्वव्यापी खुला स्रोत इकोसिस्टमको नेतृत्व गरिरहेको दाबी गर्नुभएको थियो। यसबीच, एआई प्रविधिमा चीन र अमेरिकाबीचको प्रतिस्पर्धा थप चर्किँदै गएको छ।

यसै सन्दर्भमा ह्वाइट हाउसले चिनियाँ संस्थाहरूले अमेरिकी एआई प्रविधि हासिल गर्न प्रयास गरिरहेको आरोप लगाएको छ। अमेरिकी विज्ञान तथा प्रविधि प्रमुख माइकल क्रेटसिओसले विदेशी, विशेषगरी चिनियाँ निकायहरूले औद्योगिक स्तरमा एआई प्रविधि चोरी गर्ने अभियान सञ्चालन गरेको दाबी गर्दै अमेरिकी नवप्रवर्तनको सुरक्षा गर्न आवश्यक कदम चालिने बताउनुभयो। रासस

# भोकमरी प्रभावित विश्वका १० देश : राष्ट्रसङ्घीय प्रतिवेदन



रासस/एएफपी। गत वर्ष विश्वव्यापी रूपमा खाद्यान्न सङ्कटको सामना गरिरहेका दुई तिहाई मानिसहरू केवल १० वटा देशका रहेको राष्ट्रसङ्को प्रतिवेलनले जनाएको छ। प्रतिवेदन अनुसार तीनीहरु मध्ये एक तिहाइ सुडान, नाइजेरिया र कङ्गोका रहेका छन्।

संयुक्त राष्ट्र सङ्घ युरोपेली सङ्घ र मानवीय निकायहरूको तथ्याङ्कमा आधारित खाद्य सङ्कट सम्बन्धी ग्लोबल रिपोर्ट अनुसार द्वन्द्व तीव्र खाद्य असुरक्षाको मुख्य कारण रहेको बताइएको छ। द्वन्द्व र जलवायु परिवर्तनले प्रभावित देशको आगामी अवस्था निर्धारण गर्ने सम्भावना रहेको रिपोर्टले जनाएको छ।

अफगानिस्तान, बङ्गलादेश, कङ्गो, म्यानमा, नाइजेरिया, पाकिस्तान, दक्षिण सुडान, सुडान, सिरिया र यमन गरी १० वटा देशहरूमा तीव्र खाद्य असुरक्षा रहेको प्रतिवेदनमा उल्लेख छ। रिपोर्टमा खाद्य असुरक्षा दुई अलग-अलग सन्दर्भहरूमा पुष्टि भएको छ भने गाजा र सुडानका केही भागहरूमा एकै वर्षमा तिव्र खाद्य असुरक्षा देखा परेको जनाइएको छ।

विश्वव्यापी रुपमा ४७ देशका करिब २६ करोड ६० लाख मानिसहरूले गत वर्ष उच्च स्तरको खाद्य असुरक्षाको अनुभव गरेको जनाइएको छ। जसले अन्तर्राष्ट्रिय सहायतामा तीव्र गिरावटको पनि चेतावनी दिएको छ भने मध्य पूर्व युद्धका कारण विस्थापितहरूको सङ्ख्या बढेर विद्यमान सङ्कट अझै बढने जोखिम रहेको बताएको छ। प्रमुख तेल आपूर्ति मार्ग, स्ट्रेट अफ होर्मुजको अवरोधले मूल्य वृद्धि हुँदै जादा अझै आद्य असुरक्षा बढ्ने सम्भावना रहेको प्रतिवेदनले औंल्याएको छ।

हाल खेतिवाली गर्ने समयमा मल अभाव र मुल्य वृद्धिले सङ्कट अझै बढ्ने सम्भावना रहेको संयुक्त राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय कृषि विकास कोष (आइएफएडी) का प्रमुख अल्वारो लारियोलेलाई उदृत गर्दै एएफपीले जनाएको छ।

उहाँले साना किसानहरूलाई थप सहयोगका लागि आह्वान गर्दै पानी र जलवायु अनुसारका बालीहरूमा लगानी गर्न आवाह्न गर्नु भएको छ। स्थानीय रूपमा मल उत्पादन गर्ने किसानहरूले माटोको स्वास्थ्य सुधार गरेर सङ्कट कम गर्न सक्ने उहाँले बताउनु भएको छ। मल उत्पादनका लागि स्थानीय निजी क्षेत्रका लागि उपकरण तथा अवसर सिर्जना गरी दिगोपन र कायम गर्न सकिने लारियोले बताउनु भएको छ।

# नेपाल-इजिप्टमैत्री दौड सम्पन्न




काठमाण्डु । इजिप्टको राजधानी कायरोमा माउन्ट एभरेष्ट दिवस र अन्तरराष्ट्रिय वेलनेस दिवसका अवसरमा शुक्रबार नेपाल-इजिप्टमैत्री दौड आयोजना गरिएको छ। पाँच किलोमिटरको मैत्री दौड नेपाली राजदूतावास, कायइरोले इजिप्टको स्थानीय विकास तथा वातावरण मन्त्रालय र वादी देग्ला प्रोटेक्टोरेटको सहकार्यमा आयोजना गरेको दूतावासले जनाएको छ।

'हिमालयदेखि नाइलसम्म-हरित भविष्यका लागि दौडौँ' भन्ने नाराका साथ सुरु भएको उक्त दौडको उद्घाटन नेपालका लागि इजिप्टस्थित राजदूत सुसिलकुमार लम्साल तथा इजिप्टको स्थानीय विकास तथा वातावरण मन्त्रालयअन्तर्गत संरक्षित क्षेत्रको केन्द्रीय प्रशासन प्रमुख डा मोहम्मद युसुफले गर्नुभएको त्यहाँस्थित नेपाली राजदूतावासले जनाएको छ।

उद्घाटन समारोहमा राजदूत लम्सालले सन् १९५३ मा विश्वको सर्वोच्च शिखर सगरमाथाको पहिलो सफल आरोहणको सम्झनामा मनाइने माउन्ट एभरेष्ट दिवसलाई मानव सङ्कल्प र साझेदारीको प्रतीकका रूपमा उल्लेख गर्नुभयो। साथै उहाँले हालै नेपालको प्रस्तावमा संयुक्त राष्ट्रसङ्घले घोषणा गरेको अन्तरराष्ट्रिय वेलनेस दिवसको महत्वमाथि प्रकाश पार्नुभयो।

राजदूत लम्सालले जलवायु परिवर्तनलाई साझा विश्वव्यापी चुनौतीका रूपमा उल्लेख गर्दै यसको प्रभाव नेपाल र इजिप्ट दुवैमा देखिन थालेको बताउनुभएको थियो। प्रमुख डा युसुफले कार्यक्रमको आयोजना र यसले वातावरणीय सचेतना तथा दिगोपनाको क्षेत्रमा दिएको सन्देशको प्रशंसा गर्दै वातावरण संरक्षण र हरित भविष्य निर्माणप्रति इजिप्टको प्रतिबद्धता दोहोऱ्याउनुभएको थियो।

पाँच किलोमिटर दौड विशेष ट्रेल वादी देग्ला प्रोटेक्टोरेटको प्राकृतिक क्षेत्रमा हुँदै आएको थियो, जुन लगभग ३० किलोमिटर फैलिएको संरक्षित मरुभूमि उपत्यका हो। यसले स्थानीय मरुभूमि पारिस्थितिक प्रणाली र वन्यजन्तुको संरक्षण गर्दछ। कार्यक्रममा कूटनीतिज्ञ, विद्यार्थी, स्थानीय खेलाडी तथा नेपाली समुदायका सदस्यसहित ३५० भन्दा बढीको सहभागिता थियो। रासस

# ड्रोन विवादमा युनमाथि थप सजाय माग



रासस/एजेन्सी । उत्तर कोरियासँगको संवेदनशील सैन्य तनावबीच दक्षिण कोरियाका पूर्वराष्ट्रपति युन सुक योलविरुद्ध कानूनी दबाब थप कडा बनेको छ। सन् २०२४ मा उत्तर कोरियातर्फ सैन्य ड्रोन पठाएको आरोपमा विशेष अभियोजकहरूले उहाँलाई थप ३० वर्ष कैद सजाय सुनाउन माग गरेका छन्, जसले पहिले नै आजीवन कारावास भोगिरहनुभएको अवस्थालाई अझ गम्भीर बनाएको छ।

विशेष अभियोजकहरूको दाबी अनुसार युनले सो ड्रोन अपरेसनमार्फत जानाजानी 'युद्धकालीन अवस्था' सिर्जना गर्न खोज्नुभएको थियो, जसले राज्यको सुरक्षामा प्रत्यक्ष असर पारेको ठहर गरिएको छ। अभियोजन पक्षले यसलाई दुश्मनलाई सहयोग पुऱ्याउने कार्यका रूपमा व्याख्या गर्दै नयाँ सजाय आवश्यक भएको उल्लेख गरेको छ।

यो आरोप युनले सोही वर्ष घोषणा गरेको विवादास्पद मार्सल लसँग पनि जोडिएको छ। अभियोजनका अनुसार ड्रोन आक्रमणको योजना उक्त मार्सल ल घोषणा गर्न बहाना तयार पार्ने उद्देश्यले गरिएको थियो। उक्त कदम असफल भएपछि उहाँविरुद्ध महाभियोग लगाइयो, पदबाट हटाइयो र अन्ततः विद्रोहको अभियोगमा आजीवन कारावासको सजाय सुनाइएको थियो।

अभियोजन पक्षले ड्रोन अपरेसनले उत्तर कोरियासँगको तनाव चर्काएको मात्र नभई गोप्य सैन्य जानकारी पनि बाहिरिएको जनाएको छ। ड्रोनहरू दुर्घटनाग्रस्त भएपछि तिनमा रहेको संवेदनशील विवरण सार्वजनिक भएको दाबी गरिएको छ, जसले राष्ट्रिय सुरक्षामा थप जोखिम निम्त्याएको बताइएको छ।

यसअघि फेब्रुअरीमा युनलाई दक्षिण कोरियाको राष्ट्रिय सभालाई 'अवरुद्ध' पार्ने उद्देश्यले विद्रोह नेतृत्व गरेको अभियोगमा दोषी ठहर गर्दै आजीवन कारावास सुनाइएको थियो। यद्यपि, उहाँले आफूले गरेका कदमहरू 'राष्ट्रको हितका लागि मात्र' भएको जिकिर गर्दै उक्त सजायविरुद्ध अपिल गर्नुभएको छ।

उत्तर कोरिया र दक्षिण कोरिया प्राविधिक रूपमा अझै युद्ध अवस्थामै रहेका कारण यस्ता सैन्य गतिविधिहरू अत्यन्त संवेदनशील मानिन्छन्। पछिल्लो समय ड्रोन उडानहरू दुई देशबीचको तनावको प्रमुख कारणका रूपमा देखिएका छन्।

यसै सन्दर्भमा, हालका दक्षिण कोरियाली राष्ट्रपति ली जे म्युङले जनवरीमा सरकारी तहबाट उत्तर कोरियातर्फ ड्रोन पठाइएको घटनाबारे अनुसन्धानपछि प्योङ्याङप्रति खेद व्यक्त गर्नुभएको थियो। उहाँले अघिल्लो प्रशासनका कदमहरूले तनाव बढाएको स्वीकार गर्दै सम्बन्ध सुधार गर्ने प्रतिबद्धता जनाउनुभएको छ।

उत्तर कोरियाली नेता किम जोङ उनकी बहिनीले लीको अभिव्यक्तिलाई 'बुद्धिमानीपूर्ण' भन्नुभएको थियो।

# पदक विजेता खेलाडीलाई कामपाको नगदसहित सम्मान




काठमाण्डु । काठमाण्डु महानगरपालिकाले अन्तरराष्ट्रिय खेल प्रतियोगिताका पदक विजेता खेलाडीलाई नगदसहित सम्मान गरेको हो। क्योकुसिन तेजुका वर्ल्ड कप र आइबीए मेन्स क्योकुसिन तेजुका वर्ल्ड कप र आइबीए मेन्स वर्ल्ड बक्सिङ च्याम्पियनसिपका विजेताहरूलाई कामपाले सम्मान गरेको हो।

कामपाले अन्तरराष्ट्रिय खेल प्रतियोगिताका पदक विजेता दुई जना खेलाडीलाई नगदसहित सम्मान गरेको हो। कामपाको कार्यवाहक प्रमुख सुनिता डङ्गोल, प्रवक्ता नवीन मानन्धर, सामाजिक समितिका संयोजक रामकुमार केसी र प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईँले उहाँहरूलाई सम्मान गर्नुभएको हो।

सम्मानित हुनुहुनेमा क्योकुसिन तेजुका वर्ल्ड कप रजत पदक विजेता दावा शेर्पा हुनुहुन्छ। जापानको सेन्दाइ तथा फुकुओकामा २०२५ फेब्रुअरी २१ गतेदेखि २५ गतेसम्म आयोजना भएको चौथो क्योकुसिन तेजुका वर्ल्ड कपमा शेर्पाले नेपाल क्योकुसिन कराते (इको) सङ्घका तर्फबाट भाग लिनुभएको थियो। उहाँलाई रु एक लाख ५० हजार नगदसहित सम्मान गरिएको हो।

यस्तै सन् २०२५ नोभेम्बर ३० देखि डिसेम्बर १४ सम्म संयुक्त राज्य इमिरेट्स दुबईमा आयोजना भएको मेन्स वर्ल्ड बक्सिङ च्याम्पियनसिपका कास्य पदक विजेता चन्द्रबहादुर थापालाई रु एक लाख नगदसहित सम्मान गरिएको हो। ५४ केजी तौल समूहमा प्रतिस्पर्धा गर्नुभएका थापाले इन्डोनेसियाको अरमानिया र क्वार्टरफाइनलमा इरानलाई पराजित गरेर कास्य पदक प्राप्त गर्नुभएको थियो।

सम्मान अवसरमा कामपाले खेलका प्रशिक्षकहरूलाई समेत सम्मानित गरेको थियो। सम्मानपछि सामाजिक समितिका संयोजक केसीले खेलाडीहरूको मनोबल उच्च बनाउन कामपाले लगानी बढाउँदै लैजाने बताउनुभयो। "खेलाडीहरूले देशकै नाम राख्नुभएको छ।

उहाँहरूलाई लक्ष्यमा पुग्न हामी सहयोग गर्छौं", केसीले धारणा राख्नुभयो। त्यस अवसरमा प्रशिक्षक र खेलाडीहरूले कामपाले खेल क्षेत्रबाट गरेको अपेक्षा पूरा गराउन आफूहरू मिहिनेत गर्न प्रोत्साहित भएको बताउनुभएको थियो। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं, कार्यपालिका सदस्य महेश नेपाली र ललिता खड्गीसहित अधिकारीहरू सहभागी हुनुहुन्थ्यो। रासस

# लुम्बिनी प्रदेशमा चैते धानखेतीको क्षेत्रफल घट्दै



लुम्बिनी । लुम्बिनी प्रदेशका तराईका जिल्लामा चैते धानखेतीमा किसानको आकर्षण क्रमशः घट्दो अवस्थामा पुगेको छ । तराईका जिल्लाको तुलनामा पहाडी जिल्लामा भने चैते धानखेती विस्तार भए पनि सन्तोषजनक छैन ।

तराईका जिल्लामा धानखेतीको विकल्पमा हिउँदे मकैखेती लगाउने, केही जिल्लामा चिनी मिल सञ्चालनमा आएपछि किसान नगदे बालीको रुपमा उखुखेतीतर्फ आकर्षित हुँदा धानखेतीको क्षेत्रफल क्रमशः खुम्चिदै गएको छ । केही पहाडी जिल्लामा भने गहुँखेती भित्र्याएपछिको खाली जमिनको सदुपयोगका लागि चैते धान उपयोगी देखिँदा किसान चैते धानखेतीमा आकर्षित भएका पाइन्छन् ।

लुम्बिनी प्रदेशको पहाडी जिल्ला अर्घाखाँचीको भूमिकास्थान नगरपालिका-६, खिल्जी दूरवाङका किसान यतिबेला चैते धान रोपाइँमा व्यस्त छन् । त्यसभेगका दूरवाङ, खड्लङ, खँडारे र पिपली फाँटमा वर्षौंदेखि हुँदै आएको चैते धानखेती यहाँका किसानको जीवनशैली जस्तै बनेको छ ।

स्थानीय किसान पुनाराम गैरेले चैते धान रोपाइँका लागि झिमरूक नदीबाट पानी ल्याएर सिँचाइको व्यवस्थाका कारण सम्भव भएको हो । तर पछिल्ला वर्षमा मलको अभाव र मजदूर नपाइने समस्या गम्भीर बन्दै गएको उहाँ बताउनुहुन्छ । सिँचाइको कुलोलाई थप व्यवस्थित गर्नुपर्ने, कृषि उपकरणको सहजता, मौलिक रैथाने बीउको संरक्षण र जैविक मलमा पनि आकर्षण बढाउन जरुरी रहेको गैरे बताउनुहुन्छ ।

चैते धानखेती अर्घाखाँचीमा सँगै छिमेकी प्यूठानको ऐरावती गाउँपालिकाका बैरेनी, दमार, कुमाल गाउँका फाँटमा पनि झिमरूक नदीकै सिँचाइको भरमा चैते धान लगाइँदै आएको छ । लुम्बिनी प्रदेश कृषि विकास निर्देशनालयका अनुसार अघिल्लो वर्ष तीन हजार ३८ हेक्टरमा भएको चैते धानको रोपाइँ गत वर्ष घटेर दुई हजार ६७७ हेक्टरमा सीमित भएको थियो । एकै वर्षमा ४११ हेक्टर क्षेत्रफल घटेको छ । यस वर्ष अझ घट्ने विभिन्न जिल्लाबाट प्राप्त प्रारम्भिक तथ्याङ्कले देखाएको छ ।

लुम्बिनी प्रदेशमा उत्पादकत्वमा भने सुधार भएको छ । तर क्षेत्रफल विस्तार भने सुस्त देखिएको छ । लुम्बिनी प्रदेशमा आर्थिक वर्ष २०८१/८२ मा धान उत्पादन १३ लाख ५० हजार ८८० मेट्रिक टन पुगेको छ । प्रदेशभर कूल दुई लाख ९८ हजार ६२२ हेक्टरमा धानखेती गरिएकामा औसत उत्पादकत्व प्रतिहेक्टर ४.५२ टन रहेको तथ्याङ्कले देखाएको छ । यसमध्ये वर्षे धानको हिस्सा अत्यधिक छ भने चैते धानको योगदान अझै सीमित देखिन्छ ।

प्रदेशका १२ जिल्लामध्ये रोल्पा र रुकुमबाहेक सबै जिल्लामा चैते धानखेती हुने भए पनि अधिकांश तराईका जिल्लामा यसको खेतीमा गिरावट देखिएको छ । प्रदेशमै अन्नको भण्डारको रुपमा चिनिने बर्दियामा नै अघिल्लो वर्ष एक हजार ४५० हेक्टरबाट घटेर गत वर्ष एक हजार २०१ हेक्टरमा झरेको छ । चैते धानप्रति किसानको आकर्षण घटनेक्रम कायमै रहेको एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय बर्दियाका प्रमुख कमला अधिकारी बताउनुहुन्छ ।

आव २०७८/७९ मा एक हजार ६०० हेक्टरमा चैते धान रोपाइँ भएको थियो । तर अहिले यसको खेती ६७९ हेक्टरमा मात्र सीमित भएको प्रमुख अधिकारी बताउनुहुन्छ । जिल्लामा चैते धान मात्र नभएर वर्षे धान लगाउने क्रम पनि क्रमशः घट्दो अवस्थामा रहेको उहाँ बताउनुहुन्छ ।

जिल्लामा चिनी उद्योग स्थापना भएपछि किसान धानखेतीमा भन्दा उखुखेतीमा आकर्षित भएका छन् । प्रमुख अधिकारीका अनुसार धानलगायतका बालीभन्दा उखु नगदे बालीको रुपमा रहेको, धेरै मेहनत गर्नु नपर्ने र कम लागतमा मुनाफा धेरै हुने भएकाले अधिकांश किसानले धानखेती छाड्दा यसको उत्पादन घट्दो अवस्थामा छ ।

पाल्पामा ७०० बाट ६३० हेक्टर, गुल्मीमा ३४० बाट ३१९ हेक्टर, अर्घाखाँचीमा २०० बाट १७० हेक्टर र रुपन्देहीमा ६० बाट ५४ हेक्टरमा सीमित भएको प्रदेश सरकारको तथ्याङ्क छ । कपिलवस्तुमा त झनै १० हेक्टरबाट घटेर पाँच हेक्टरमा मात्रै रोपाइँ भएको छ ।

यद्यपि केही जिल्लामा सामान्य वृद्धि देखिएको छ । प्युठानमा गत वर्ष ११५ हेक्टरबाट यस वर्ष झण्डै ४०० हेक्टर, नवलपरासीमा ५ बाट सात हेक्टर, दाङमा १९८ बाट २०० हेक्टर र बाँकेमा ३५ बाट ३६ हेक्टर पुगेको छ । प्यूठानमा यस गत वर्ष ११५ हेक्टर क्षेत्रफलमा चैते धानखेती लगाइएको थियो । जसमा झण्डै ४३७ मेट्रिक टन उत्पादन भएको तथ्याङ्क छ । यस वर्ष चैते धानको खेती गत वर्षभन्दा दोब्बर बढी ४०० हेक्टर बढी क्षेत्रफलमा रोपाइँ भएको एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका प्रमुख विनोद शर्माले जानकारी दिनुभयो ।

जिल्लामा चैते धानखेतीलाई नै केन्द्रित गरेर सङ्घीय सरकारअन्तर्गत कार्यक्रम लागू भएकाले पनि किसानलाई उक्त कार्यक्रमको प्रोत्साहनका कारण चैते धानमा आकर्षण बढेको प्रमुख शर्माले बताउनुभयो । जिल्लामा सङ्घीय सरकारअन्तर्गतको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले विगत तीन वर्षदेखि चैते धानखेतीमा किसानलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

परियोजनाअन्तर्गत तीन वर्षअघि ४०० रोपनी क्षेत्रफलमा चैते धानखेतीमा किसानलाई सहभागी गराइएको थियो । यस वर्ष चार हजार ५०० रोपनी क्षेत्रफलमा धानखेती लगाइएको कार्यक्रम कार्यान्वयन एकाइ कार्यालयका प्रमुख चुमानसिंह गिरी बताउनुहुन्छ । उहाँ किसानलाई गहुँ स्याहारेपछिको चार/पाँच महिना जमिन खाली हुने समयमा चैते धानखेतीका लागि प्रोत्साहित गर्दा जमिनको सदुपयोग र यसको उत्पादन पनि राम्रो पाएका किसान यसप्रति आकर्षित भएको बताउनुहन्छ । यसका लागि कार्यक्रमअन्तर्गत किसानलाई प्राविधिक सहयोग, बीउमा सहुलियत, सिँचाइ र कृषि औजारमा सहयोगको काम गर्दै आएको कार्यालय प्रमुख गिरी बताउनुहुन्छ ।

तराईका जिल्लामध्ये पश्चिम नवलपरासीमा निक्कै कम क्षेत्रफलमा चैते धानखेती लगाउने गरिएको छ । यहाँ चैते धानभन्दा मकैखेतीमा किसानको आकर्षण बढेकाले धानखेती बढ्न नसकेको कृषि ज्ञान केन्द्र पश्चिम नवलपरासीका प्रमुख शिवप्रसाद अर्याल बताउनुहुन्छ । चैते धानको बीउ विकास हुन नसक्नु, चैते धान मोटो प्रजातिको हुने भएकाले मसिनो धानप्रति किसानको आकर्षण, धान स्याहार्ने समयमा आकाशबाट पानी पर्ने समय हुने हुँदा किसानले नोक्सानी व्यहोर्नुपर्ने भय र उत्पादनको बजार पाउन समस्या हुने भएकाले यसप्रति खासै आकर्षण नभएको उहाँ बताउनुहुन्छ ।

पश्चिम नवलपरासीमा पनि सङ्घीय सरकारअन्तर्गतको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम लागू भए पनि यो कार्यक्रम खासै प्रभावकारी हुन सकेको छैन । यद्यपि चुनौती पनि कम छैनन् । असारको वर्षामा धान भित्र्याउँदा सुकाउने समस्या, आधुनिक 'ग्रेन ड्रायर'को अभाव र उपभोक्ताको मसिनो चामलप्रतिको आकर्षणले बजार प्रतिस्पर्धा कठिन बनाएको छ । चैते धानखेतीमा किसानको आकर्षण बढाउन सिँचाइ विस्तार, मल बीउको सुनिश्चितता, आधुनिक प्रविधिमा लगानी र विश्वसनीय तथ्याङ्क प्रणालीमा चसो दिनुपर्ने देखिन्छ ।

प्रदेश कृषि निर्देशनालयका अनुसार खेती घट्नुको मुख्य कारण गाउँमा युवा जनशक्तिको अभाव, वैदेशिक रोजगारीतर्फ आकर्षण र बढ्दो लागत हो । तराईमा चैते धानभन्दा हिउँदे मकैखेती, उखुखेतीतर्फ आकर्षण बढ्दै गएको छ । कम लगानीमा पर्याप्त आम्दानी हुने भएकाले किसान वैकल्पिक बाली रोज्न थालेका हुन् । रासस

# कच्चा पदार्थको अभावमा हेटौँडा सिमेन्ट उद्योग बन्द




बागमती । लामो समयदेखि आर्थिक सङ्कट व्यहोर्दै आएको हेटौँडा सिमेन्ट उद्योग कच्चा पदार्थ अभावमा बन्द भएको छ । गत महिना क्लिङ्कर उत्पादन गरेको उद्योगले कच्चा पदार्थ नपाएपछि उत्पादन बन्द गरेको हो ।

"हामीसँग कोइला, ढुङ्गालगायत कच्चा पदार्थ छैनन् । तत्काल कच्चा पदार्थ आउने सम्भावना पनि छैन, कच्चा पदार्थका लागि सम्झौता भए पनि रकमको अभाव देखाउँदै ठेकेदारले कच्चा पदार्थ ढुवानी गर्न नसकेकाले उद्योग बन्द गर्नुपरेको छ", उद्योगमा भएको कच्चा पदार्थबाट पाँच हजार टन क्लिङ्कर उत्पादन गरेर अहिले सिमेन्ट 'प्याकेजिङ' भइरहेको उद्योगका सहायक प्रबन्धक भक्तिराम श्रेष्ठले भन्नुभयो । दैनिक १६ हजार बोरा सिमेन्ट उत्पादन क्षमताको उद्योग सधैँ बन्दप्रायः छ ।

क्लिङ्कर उत्पादनका क्रममा उद्योगको मेसिनमा केही समस्या आएकोले मेसिनको मर्मतको भइरहेको छ । अर्थाभावमा कर्मचारीले १० महिनादेखि तलब पाएका छैनन् ।

उद्योगमा १६६ जना स्थायी, १०० दैनिक ज्यालादारी र ५२ जना सुरक्षाकर्मी छन् ।

विसं २०३३ मा हेटौँडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले विसं २०४३ देखि सिमेन्ट उत्पादन सुरु गरेको थियो । रासस

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय मिर्चैया, सिराहाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०१/१२ गतेको जनकपुर टुडे राष्ट्रिय

प्रथम पटक प्रकाशित मिति : २०८२/०९/१५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०७९/१०/२५ को कारोबार राष्ट्रिय दैनिक र मिति २०८१/०७/२६ को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८२/०९/१५ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा तोकिएको मितिभित्र कुनै पनि बोलपत्र प्राप्त हुन नआएको र सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन पुनः आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

### तपसिल

**ऋणीको विवरण**

सिरहा जिल्ला, साविक मिर्चैया न.पा. वडा नं. ११ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा प्रा.फ.र.नं. ६६६३ मा मिति २०७४/०४/०८ तथा आन्तरिक राजश्व कार्यालय लाहानमा मिति २०७४/०४/०८ मा स्थायी लेखा नं. (PAN) ६०६२७१२९९ अन्तर्गत दर्ता कायम भएको **माँ लक्ष्मी रेडिमेड सेन्टर** ।

**प्रोप्राईटर : अमरेन्द्र कुमार सिंह**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. हल्दार प्रसाद सिंहको नाति, महेन्द्र ना. सिंहको छोरा, सप्तरी जिल्ला, साविक कोईलाडी गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया गा.पा./न.पा. वडा नं. ६ बस्ने **अमरेन्द्र कुमार सिंह** (ना.प्र.नं. ४९८८४५७४, जारि मिति २०४९/०९/१६, जि.प्र.का. सप्तरी) । | २. महेन्द्र ना. सिंहको बुहारी, अमरेन्द्र कुमार सिंहको पत्नी, सिरहा जिल्ला, साविक सितापूर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया गा.पा./न.पा. वडा नं. ६ बस्ने **गुडी कुमारी सिंह** (ना.प्र.नं. ४४९, जारि मिति २०५४/०४/२०, जि.प्र.का. सिराहा) । |
| ३. महेन्द्र ना. सिंहको नातिनी, अमरेन्द्र कुमार सिंहको छोरी, सप्तरी जिल्ला, तिलाठी कोईलाडी गा.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया गा.पा./न.पा. वडा नं. ६ बस्ने **अम्बिका रिया सिंह** (ना.प्र.नं. १६-०१-७८-१५६६६, जारि मिति २०७८/११/०३, जि.प्र.का. सप्तरी) । | ४. महेन्द्र ना. सिंहको नातिनी, अमरेन्द्र कुमार सिंहको छोरी, सप्तरी जिल्ला, तिलाठी कोईलाडी गा.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया गा.पा./न.पा. वडा नं. ६ बस्ने **सिखा सिमरन सिंह** (ना.प्र.नं. १६-०१-७५-०४२९९, जारी मिति २०७५/०४/१०, जि.प्र.का. सप्तरी) । |

**धितोको विवरण**

१. गुडी कुमारी सिंह (ना.प्र.नं. ४४९, जारि मिति २०५४/०४/२०, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक सितापुर गा.वि.स./न.पा. वडा नं. ६ हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. २ स्थित कि.नं. ३१७५ को क्षेत्रफल ०-५-० (विघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. माँ लक्ष्मी रेडिमेड सेन्टरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०१/२६ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय मिर्चैया, सिरहामा बुझाई सक्नु पर्नेछ ।

३. प्राप्त बोलपत्रहरु मिति २०८३/०१/२७ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय मिर्चैया, सिरहामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।

४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।

५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।

६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।


१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय मिर्चैया, सिरहामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : मिर्चैया, सिरहा
फोन नं. ०३३-५५००८४
Website : www.siddharthabank.com

# बेनीमा शान्ति पार्क बनाउने योजना कार्यान्वयन भएन



म्याग्दी । म्याग्दीको सदरमुकाम बेनीमा शान्ति पार्क निर्माण गर्ने योजना कार्यान्वयनमा अलमल र अन्योल सृजना भएको छ । पार्क निर्माण गर्ने ठाउँको टुङ्गो नलाग्दा तीन वर्षअघि बेनी नगरपालिकाले अघि सारेको शान्ति पार्क निर्माण योजनाका लागि बर्सेनि बजेट विनियोजन भए पनि कार्यान्वयन हुन नसकेको हो ।

म्याग्दी हुँदै मुस्ताङ जाने आउने पर्यटकलाई भुलाउने उद्देश्यले शान्ति पार्क निर्माणका लागि रु १० करोड लागत अनुमान गरिएको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरेर स्रोतको व्यवस्था भए पनि योजना कार्यान्वयन नहुँदा बजारवासी निराश भएका छन् ।

पार्क निर्माणका लागि गत आर्थिक वर्ष २०८१/८२ मा बेनी नगरपालिका र गण्डकी प्रदेश सरकारले रु २०-२० लाख बजेट विनियोजन गरेका थिए । यस वर्ष नगरपालिकाले रु २५ लाख बजेट विनियोजन गरेको योजना स्थानको टुङ्गो नलाग्दा हालसम्म कार्यान्वयन हुन नसकेको बेनी नगरकार्यपालिकाको प्रवक्तासमेत रहनुभएका वडा नं ७ का वडाअध्यक्ष रमेश श्रेष्ठले बताउनुभयो ।

"नगरपालिकाले वीरेन्द्रचोकस्थित रेडक्रस, वन डिभिजनको नर्सरी, आवासभन्दा पछाडिको १० रोपनी जग्गामा पार्क बनाउन प्रस्ताव गरेको थियो", उहाँले भन्नुभयो, "बराहपाखो सामुदायिक वनमा पर्ने उक्त क्षेत्रमा पार्क बनाउने कार्ययोजनामा समेटेर योजना कार्यान्वयनको पहल भए पनि वन क्षेत्रमा काम गर्न जोखिम लिन नचाहेकाले समस्या भएको हो ।"

हाल प्रस्तावित ठाउँमा पार्क बनाउन नमिल्ने अवस्था भएमा महारानी थानस्थित बराहपाखोको सार्वजनिक जग्गामा निर्माण भएका पूर्वाधारलाई व्यवस्थित गरेर पार्क सञ्चालन गर्नुपर्ने वडाध्यक्ष श्रेष्ठको भनाइ छ । महारानी थानमा पार्कका लागि पोखरी, चौतारी निर्माण, जग्गा व्यवस्थापनलगायतका काम सकिएको छ ।

बालबच्चा, ज्येष्ठ नागरिकलाई टहलिन तथा घुम्न आउने पाहुनाहरूलाई भुलाउने उद्देश्यले २०६० साल चैत ७ गते बेनी भिडन्तसँग सम्बन्धित सामग्री राखेर शान्ति पार्क बनाउने योजना प्रस्ताव गरिएको थियो । शान्तिपार्कलाई नगरपालिकाले पछिल्लो तीन वर्षयता गौरव र प्राथमिकताप्राप्त योजनाको सूचीमा राख्दै आएको छ ।

बराहपाखो सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष विष्णु गौतमले नगरपालिका र वन डिभिजन कार्यालयले समन्वय गरेर पार्क निर्माणस्थल छनोट गरेमा योजना कार्यान्वयनमा समस्या नरहेको बताउनुभयो । वन समूहको कार्ययोजनामा समेटिएकाले आफूहरूको तर्फबाट कुनै समस्या नभए पनि नगरपालिकाकै इच्छाशक्ति र सक्रियता आवश्यक रहेको उहाँले बताउनुभयो ।

बेनी नगरपालिकाका प्रमुख सुरत केसीले पार्क निर्माणस्थलको टुङ्गो लगाएर योजना कार्यान्वयनका लागि पहल गरिरहेको बताउनुभयो । उहाँका अनुसार शान्ति पार्क निर्माणस्थल टुङ्गो लगाउन बेनी बजार रहेको वडा नं ७ र ८ को आमभेला बेलाएर परामर्श र सल्लाह सुझाव लिने तयारी भएको छ । रासस

# शिशुवा-खुदीखोला सडक स्तरोन्नति

गण्डकी । पोखरा महानगरपालिका-३० शिशुवादेखि खुदीखोलासम्म ४.१४ किलोमिटर सडक विस्तारसँगै स्तरोन्नति पनि गरिएको छ । सहरी शासकीय तथा पूर्वाधार आयोजनाअन्तर्गत स्तरोन्नति भएको सडकको बिहीबार पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले उद्घाटन गर्नुभयो ।

निर्माणाधीन तालचोक-बेगनास सडक आयोजनालाई द्रुत गतिमा कार्यान्वयन गर्न आफू लागिपरेको जानकारी दिँदै उहाँले निर्माण कम्पनीलाई आगामी तीन महिनाभित्र काम पूरा गर्न निर्देशन दिइएको बताउनुभयो ।

रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले सडकलाई तनहुँ-लमजुङसम्म विस्तार गर्नुपर्नेमा जोड दिनुभयो ।

विश्व बैंकसँग रु ४८ करोड ९६ लाख ३५ हजार २५४ ऋण लिएर निर्माण पूरा भएको सडक आयोजनाका इन्जिनियर नवीन गौतमले बताउनुभयो । पन्ध्र मिटर चौडा यो सडक दुई 'लेन'को छ । यसको किनारमा वर्षाको पानी निकासका निम्ति नाला,साइकल लेन र फुट 'ट्र्याक'पनि निर्माण गरिएको छ । रासस

## भूमिसुधार तथा मालपोत कार्यालय धनुषा

### हकभोग तथा जग्गा दर्ता नामसारी सम्बन्धी २१ एक्काईस दिने सार्वजनिक सुचना

यसमा जिल्ला धनुषा गा.वि.स. यज्ञभूमि वडा नं ७ हाल धनुषाधाम न.पा.वडा नं.१ मा बस्ने कासिमान वोम्जनको श्रीमती ललिता देवीको आफ्नो कालगतिले मृत्यु भै निजको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित जग्गाको हकखाने सबभन्दा नजिकको हकदार पति कासिमान बोम्जनको पनि आफ्नो कालगतिले मृत्यु भै हकखाने निजको दम्पत्यवाट छोरा तथा छोरीको जाय जन्म नभई निज निसन्तान रहेकोमा सबभन्दा नजिकको हकदार भतिजा नाता पर्ने सुकुमान बमोम्जन १ एक मात्र रहेकोमा मेरो नाममा तपसिलमा उल्लेखित जग्गा एकलौटी नामसारी गरी पाउँ भनि दिनु भएको माँग निवेदन र सोही अनुसारको जि.ध.धनुषाधाम न.पा.९ को वडा कार्यालयको वडा मुचुल्का सहितको सिफारिस पत्र भएको ।

यसमा निवेदक सुकुमान बमोम्जनले नामसारी गरी पाउँ भनि दिनु भएको मांग निवेदनमा मोठ शाखावाट जग्गा धनि ललिता देवीको नाममा कि.न. जिर्ण भई चतिएको क्षेत्रफल ०-४-१४-० देखिन्छ। तिन पुस्ते विवरण च्यातिएको श्रेस्ता अप्रमाणित छ। रोक्का छैन भनि उल्लेख भैं आएकोमा निज निवेदकले जग्गा नामसारी मिसिल संलग्न पेश गरेको कम्प्युटर प्रिन्ट ज.ध. पुर्जा, फिल्डवुक उतार, ०४५ र चालु आव को तिरो रसिद बडा मुचुल्का सहितको किटानी फोटो टाँस गरी प्रमाणित गरि भैं आएको सिफारिस पत्र भएकोमा जग्गा अप्रमाणित सम्वन्धमा दिनु भएको निवेदन अनुसार निज जग्गा धनी ललिता देवीको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित जग्गा ऐलानी पर्ति खोला, नाला वन जङ्गल, गौचर सरकारी, सार्वजनिक आदि भित्रको जग्गा भए वा ललिता देवी तथा यि निवेदक भतिजा नाता पर्ने सुकुमान वोम्जन वाहेक अन्य कोही हकदार भएको भए वा यि मांग दावीको जग्गा यि निवेदकको नाममा दर्ता नामसारी हुनुपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र आफु संग भएको सबुत प्रमाण लिई यस कार्यालयमा दाबी उजुरी गर्नु आउनु होला। म्याद भित्र दावी उजुरी नपरे नेपाल सरकारीको प्रचलित कानुन बमोजिम इतो नामसारी मै जाने व्यहोरा सबैमा यसै सुचना द्वारा सुचित गरिएको छ।

**तपसिल**

| जिल्ला | गा.पा/न.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल | जग्गा धनी |
|---|---|---|---|---|---|
| धनुषा | यज्ञभूमि | ९क | ११५ | ३-४-१४-० | ललिता देवी |

# किसान समस्यामा

**टुडे समाचारदाता**



मलंगवा । सिँचाइका लागि जडान गरिएका ट्यूबवेल र डीप बोरिङहरु जडान नभई अधुरै अवस्थामा रहेको कारण सर्लाही जिल्लाका किसानहरु मार्कामा परेका छन् ।

भूमिगत जल तथा सिँचाइ विकास डिभिजन सर्लाहीका सरकारी योजना अनुसार सिँचाइ सुविधा विस्तारका योजनाहरु वर्षौंदेखि अधुरै रहेको कारण समस्या उत्पन्न भएको हो ।

भूमिगत जल तथा सिँचाइ विकास डिभिजन सर्लाहीका प्रमुख अनुपमा ढकालका अनुसार जिल्लामा जडान गरिएका पावर ड्रिल ट्यूबवेलमध्ये ५५ वटा मात्र पूर्ण रूपमा सञ्चालनमा छन् । ९१ वटा ट्यूबवेल अझै अधुरै अवस्थामा छन् भने ३ वटा मर्मत गरेर सञ्चालनमा ल्याउन सकिने अवस्थामा छन् ।

उनका अनुसार बजेट अभाव, प्राविधिक समस्या र व्यवस्थापन कमजोरीका कारण धेरै ट्यूबवेल समयमै सञ्चालनमा आउन सकेका छैनन् । डीप ट्यूबवेलतर्फ पनि अवस्था त्यति राम्रो छैन। जिल्लामा रहेका ४५ वटा डीप ट्यूबवेल मात्र पूर्ण रूपमा सञ्चालनमा रहेका छन् । ४५ वटा अधुरै अवस्थामा छन् भने १९ वटा मर्मत गरेर सञ्चालनमा ल्याउन सकिने अवस्थामा रहेको प्रमुख ढकालले जानकारी दिइन् ।

उनका अनुसार केही स्थानमा पानी तान्ने क्षमता भए पनि विद्युत् जडान, पाइपलाइन र अन्य प्राविधिक काम अधुरो हुँदा प्रणाली सञ्चालनमा आउन सकेको छैन ।

सर्लाहीको समस्या मात्रै होइन, समग्र मधेस प्रदेशमै सिँचाइको अवस्था कमजोर देखिएको छ। प्रदेशभर करिब ३ लाख ८१ हजार ८ सय ९८ हेक्टर खेतीयोग्य जमिनमध्ये केवल ४९ प्रतिशत क्षेत्रमा मात्रै सिँचाइ सुविधा पुगेको तथ्याङ्क छ। बाँकी क्षेत्रमा किसानहरू अझै वर्षाको भरमा खेती गर्न बाध्य छन् ।

यसले उत्पादनमा प्रत्यक्ष असर पारिरहेको कृषि विज्ञहरू बताउँछन् । सिँचाइको अभावले धान, गहुँ, मकै लगायतका प्रमुख बालीको उत्पादन घट्ने गरेको उनीहरूको भनाइ छ।

सरकारले पछिल्ला वर्षहरूमा डीप बोरिङ जडान गरेर सिँचाइ समस्या समाधान गर्ने योजना अघि सारेको थियो। तर पर्याप्त बजेट नआउनु, ठेक्का व्यवस्थापन कमजोर हुनु र नियमित अनुगमन नहुनुजस्ता कारणले धेरै योजना अलपत्र परेका छन् ।

पछिल्ला पाँच वर्षमा महोत्तरीमा ३३ र धनुषामा २२ गरी ५५ वटा डीप बोरिङ जडान गरिए पनि तीमध्ये धेरै सञ्चालनमा आउन सकेका छैनन् । त्यस्तै, महोत्तरीमा ४३ र धनुषामा १२३ गरी २१६ वटा पावर ड्रिल ट्यूबवेल जडान गरिएकोमा ११० वटा अझै सञ्चालनबाहिर छन् ।

प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका प्रदेश सचिव डा. संजयकुमार यादवले बजेट अभाव र व्यवस्थापन समस्याका कारण डीप बोरिङ योजना प्रभावकारी हुन नसकेको स्वीकार गरेका छन्। उनले किसानको हित सुनिश्चित गर्न सरकार अझ सक्रिय हुनुपर्ने आवश्यकता रहेको बताएका छन्।

विज्ञहरूका अनुसार चुरे क्षेत्रको संरक्षण नगर्ने र नदीजन्य पदार्थको अनियन्त्रित उत्खनन रोक्न नसक्ने हो भने भूमिगत पानीको सतह घट्दै जानेछ । यस्तो अवस्थामा केवल डीप बोरिङ जडानलाई मात्र समाधान मान्न नहुने उनीहरूको भनाइ छ।

समग्रमा हेर्दा सर्लाहीमा सिँचाइ संरचना बने पनि त्यसको पूर्ण उपयोग हुन नसक्दा किसानहरूको समस्या अझै उस्तै छ । सरकारी योजना र कार्यान्वयनबिचको दूरीले किसानलाई अझै वर्षामै निर्भर बनाइरहेको छ।

# भन्सार नीतिमा पुनर्विचार गर्न माग

**टुडे समाचारदाता**

जनकपुरधाम । सीमावर्ती क्षेत्रमा लागु गरिएको नयाँ भन्सार व्यवस्थाप्रति असन्तुष्टि जनाउँदै युथ एशोसिएसन अफ नेपाल (यान) ले सरकारको ध्यानाकर्षण गराएको छ।

शुक्रबार यानका अध्यक्ष राहुलराज यादव को नेतृत्वमा गएको टोलीले मधेशी आयोग मार्फत ज्ञापनपत्र बुझाउँदै हालको नीति तत्काल पुनर्विचार गर्न माग गरेको हो।



ज्ञापनपत्रमा हाल लागू गरिएको १०० रुपैयाँभन्दा माथिको सामानमा भन्सार लगाउने प्रावधानलाई अव्यवहारिक भन्दै आलोचना गरिएको छ। यानका अनुसार बढ्दो महँगीको समयमा यस्तो नीति लागु हुँदा दैनिक ज्यालादारी गर्ने मजदुर, किसान तथा न्यून आय भएका परिवारहरू प्रत्यक्ष रूपमा प्रभावित भइरहेका छन्।

संगठनले मधेशको सामाजिक र आर्थिक बनावट अन्य क्षेत्रभन्दा फरक रहेको उल्लेख गर्दै सीमावर्ती भारतीय बजारमा निर्भरता पुरानै यथार्थ भएको बताएको छ । यस्तो अवस्थामा सामान्य उपभोगका सामग्रीमै भन्सार तिर्नुपर्ने व्यवस्था नागरिकका लागि थप आर्थिक बोझ बनेको यानको ठहर छ।

यसैबीच, मधेशको परम्परागत 'रोटी-बेटी' सम्बन्ध, विवाह तथा धार्मिक-सांस्कृतिक गतिविधिसँग सम्बन्धित सामग्रीमा समेत कर लगाइनु सांस्कृतिक स्वतन्त्रतामाथि असर पर्ने कदम भएको आरोप पनि लगाइएको छ। विशेषगरी दलित र विपन्न समुदायले यसको मार बढी भोगिरहेको संगठनले जनाएको छ।

यानले सीमाक्षेत्रमा सुरक्षाकर्मीबाट हुने व्यवहारप्रति पनि गम्भीर प्रश्न उठाएको छ। सामान जफत गर्ने, कुटपिट तथा दुर्व्यवहारका घटना बढिरहेको भन्दै यसले मानवअधिकारको अवस्थालाई चिन्ताजनक बनाएको उल्लेख गरिएको छ।

संगठनले सरकारसँग सीमावर्ती क्षेत्रको यथार्थलाई ध्यानमा राख्दै व्यवहारिक र जनमैत्री नीति ल्याउन, साथै सुरक्षा निकायको गतिविधिलाई उत्तरदायी र पारदर्शी बनाउन माग गरेको छ।

ज्ञापनपत्र मार्फत यानले मधेशी समुदायको अधिकार संरक्षणका लागि स्थापित मधेशी आयोगले प्रभावकारी भूमिका खेल्नुपर्नेमा जोड दिएको छ । साथै, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत आवश्यक पहल गरी नीतिगत सुधार गर्न माग गरिएको छ।

# लागू औषध ओसारपोसारमा एक पक्राउ

**टुडे समाचारदाता**

रौतहट । लागूऔषध ओसारपसारको आरोपमा रौतहट जिल्लाको गौर भन्सार क्षेत्रबाट एक युवक पक्राउ परेको छ। अटो रिक्साको सिटमुनि लुकाएर ल्याउँदै गरिएको नशालु इन्जेक्सनसहित उनलाई नियन्त्रणमा लिइएको हो।

पक्राउ पर्नेमा राजदेवी नगरपालिका-७ मुडलवा निवासी २० वर्षीय मोहन पण्डित रहेका छन् । सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्म गौर र नेपाल प्रहरीको भन्सार सुरक्षा गार्डको संयुक्त टोलीले चेकजाँचका क्रममा अटो रोकेर जाँच गर्दा लागूऔषध फेला पारेको जनाएको छ।



भारतबाट नेपालतर्फ आउँदै गरेको मधेश प्रदेश ०३-००३ ह ११११० नम्बरको अटोमाथि शंका लागेपछि जाँच गर्दा चालकको सिटमुनि लुकाइएको अवस्थामा इन्जेक्सन बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

बरामद गरिएको इन्जेक्सनमा डाईजिपाम, प्रोमथाजिन हाइड्रोक्लोराइड र बुप्रेनोर्फिनका १००/१०० एम्पुल गरी जम्मा ३०० एम्पुल रहेका छन्। यसका साथै चालकको साथबाट ५ ग्राम गाँजा, नेपाली रुपैयाँ ४९०, भारतीय रुपैयाँ १०० र एक थान एन्ड्रोइड मोबाइल समेत फेला परेको प्रहरीले जनाएको छ।

बरामद सामग्रीसहित पक्राउ परेका चालकलाई आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय गौरमा बुझाइएको प्रहरीले जनाएको छ।

# श्रीजानकी जयन्ती : जनकपुरधामको गौरव, हाम्रो इतिहास र वर्तमानको चुनौती

ब्लग :



प्रफुल्ल घिमिरे

कुनै राष्ट्रको वास्तविक पहिचान केवल उसको भूगोलले निर्धारण गर्दैन। राष्ट्रको आत्मा उसको इतिहासमा बस्छ, संस्कृति उसको चालचलनमा देखिन्छ, परम्परा उसको जनजीवनमा झल्किन्छ र सामूहिक चेतना उसको भविष्यको दिशामा प्रकट हुन्छ। नेपाल जस्तो प्राचीन सभ्यता, आध्यात्मिक चेतना, सांस्कृतिक विविधता र धार्मिक गौरव बोकेको राष्ट्रका लागि यो सत्य अझ गहिरो छ। तर दुःखको कुरा के छ भने, यही नेपालले आफ्नै भूमिमा प्रकट भएकी आदर्श नारी, मर्यादा, त्याग, धैर्य र समर्पणकी प्रतिमूर्ति माता जानकीलाई राष्ट्रिय सम्मानका साथ स्मरण गर्न अझै पूर्ण रूपमा सकेको छैन।

मिथिलाको पावन भूमिबाट प्रकट भएकी माता जानकी केवल धार्मिक पात्र होइनन् , हाम्रो सभ्यताको आधारशिला हुन । नारी शक्तिको उज्यालो प्रतीक हुन। सहनशीलता, संयम, पवित्रता र आत्मबलको सर्वोच्च उदाहरण हुन। त्यसैले जानकी जयन्ती केवल धार्मिक पर्व होइन, यो नेपालको सांस्कृतिक गौरव, ऐतिहासिक चेतना र राष्ट्रिय आत्मसम्मानसँग जोडिएको दिन हो।

प्रत्येक वर्ष वैशाख शुक्ल नवमीका दिन मनाइने जानकी नवमीलाई सीता नवमी, जानकी जयन्ती वा श्रीजानकी प्राकट्योत्सवका रूपमा श्रद्धापूर्वक मनाइन्छ। धार्मिक मान्यता अनुसार यही पवित्र तिथिमा मिथिलाको धर्तीबाट महामाया महालक्ष्मी जगतजननी माता सीताको रूपमा प्रकट हुनुभएको थियो। त्यसैले यो दिन विश्वभरिका सनातन हिन्दू धर्मावलम्बीहरूका लागि गहिरो आस्था, श्रद्धा र उत्सवको अवसर हो।

यस दिन भक्तजनहरूले व्रत बस्ने, "जय सियाराम" मन्त्र जप गर्ने, विशेष पूजा गर्ने, रामायण पाठ गर्ने, भजन-कीर्तन गर्ने, मठमन्दिरमा दर्शन गर्ने तथा परिवारसहित धार्मिक अनुष्ठानमा सहभागी हुने परम्परा रहिआएको छ। जनविश्वास छ–यस दिन श्रद्धापूर्वक व्रत बसेर विधिपूर्वक सीतारामको पूजा गर्नेले पुण्य प्राप्त गर्छ, पारिवारिक सुखशान्ति पाउँछ, वैवाहिक जीवनमा समृद्धि आउँछ, सन्तान सुख प्राप्त हुन्छ र मनोकामना पूरा हुन्छ।

विशेष गरी महिलाहरूका लागि जानकी माताको जीवन प्रेरणाको स्रोत मानिन्छ। शील, स्वभाव, मातृत्व, त्याग, धैर्य र समर्पणका गुणहरू जानकीको चरित्रमा समेटिएका छन्। कन्याहरू योग्य वर प्राप्तिको कामना गर्छन् भने विवाहित महिलाहरू वैवाहिक सुख, परिवारको मंगल र सन्तानको कल्याणका लागि पूजा गर्छन्। यसरी जानकी नवमी धार्मिक पर्व मात्र नभई सामाजिक, नैतिक र पारिवारिक संस्कारसँग पनि गहिरो रूपमा जोडिएको छ।

भगवान श्रीरामको जन्मोत्सव चैत्र शुक्ल नवमीमा रामनवमीका रूपमा मनाइन्छ भने त्यसको ठीक एक महिनापछि वैशाख शुक्ल नवमीमा माता जानकीको प्राकट्योत्सव मनाइन्छ। यसले राम र जानकीको सम्बन्ध केवल दाम्पत्यको सम्बन्ध नभई धर्म, मर्यादा, कर्तव्य र आदर्श जीवनको समन्वय भएको सन्देश दिन्छ।

कुनै समय जनकपुरधाममा जानकी जयन्तीको महिमा अत्यन्त भव्य थियो। मिथिलाको राजधानी जनकपुरधामका प्रत्येक घर, प्रत्येक गल्ली, प्रत्येक मठमन्दिर, र प्रत्येक सरोवरमा उत्सवको लहर चल्थ्यो। मठमन्दिरहरू रंगरोगन गरिन्थे। फूलमाला, ध्वजा, पताका, बिजुली बत्तीले सजाइन्थ्यो। घरघर लिपपोत गरिन्थ्यो। आँगनहरू स्वच्छ र पवित्र बनाइन्थे। प्रवेशद्वारमा कलश सजाइन्थ्यो। साँझपख दीप प्रज्वलन गरिन्थ्यो।

मठमन्दिरहरूबाट बाजागाजा, घण्टी, शंखध्वनि, झाँकी र रथयात्रासहित श्रीरामजानकीको नगर परिक्रमा गराइन्थ्यो। "जय सियाराम, जय जय सियाराम" को उद्घोषले सम्पूर्ण जनकपुरधाम गुञ्जायमान हुन्थ्यो। महिलाहरू बधाई गीत गाउँथे। बालबालिकाहरू उल्लासमा रमाउँथे। साधु-सन्त, गृहस्थ, व्यापारी, किसान, श्रद्धालु सबैको मुहारमा हर्षको झल्को देखिन्थ्यो।



माता जानकीको नामले सुशोभित जनकपुरधाम केवल एउटा शहर होइन। यो नेपालको आध्यात्मिक राजधानी हो। यो मिथिला सभ्यताको केन्द्र हो। यो विश्वभरिका करोडौँ श्रद्धालुहरूको आस्थाको धरोहर हो। यहाँको माटोमा इतिहास बोल्छ, यहाँका सरोवरहरूमा रामायणको प्रतिध्वनि सुनिन्छ, यहाँका गल्लीहरूमा परम्पराको स्मृति दौडिन्छ।

धार्मिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिले जनकपुरधामको महत्त्व अत्यन्त विशाल छ। यहाँका मठमन्दिर, कुण्ड, सरोवर, आश्रम, कुटी, पुराना मूर्तिहरू, धार्मिक परम्परा र लोकसंस्कृतिले नेपाललाई विश्वसँग जोड्ने काम गरेका छन्। भारतलगायत विश्वका विभिन्न देशबाट श्रद्धालुहरू यहाँ आउने गर्छन्। जनकपुरधाम नेपालका लागि एक अद्वितीय "आकर्षण शक्ति " हो। आज विश्वका राष्ट्रहरू आफ्नो सांस्कृतिक सम्पदाबाट पहिचान निर्माण गरिरहेका छन्। नेपाल बुद्धको जन्मभूमि हो, सगरमाथाको देश हो, त्यस्तै नेपाल जानकीको भूमि पनि हो। यदि हामीले यस गौरवलाई विश्वमाझ सशक्त रूपमा प्रस्तुत गर्न सक्यौँ भने यसले पर्यटन, संस्कृति, अर्थतन्त्र र अन्तर्राष्ट्रिय सम्बन्धमा नयाँ आयाम दिन सक्छ।

तर दुःखद यथार्थ के छ भने, यही जनकपुरधामका धेरै मौलिक धरोहरहरू क्रमशः नष्ट हुँदै गएका छन्। कतिपय प्राचीन मठमन्दिर लोप भएका छन्। कतिपयका जग्गा-जमिन समाप्त भएका छन्। कतिपय सरोवर अतिक्रमणमा परेका छन्। कतिपय मूर्तिहरू हराएका छन्। कतिपय मठमन्दिरहरूमा नियमित पूजा-आरतीसमेत हुन कठिन अवस्था छ।

कुनै समय बावन कुटी आश्रम, बहत्तर धार्मिक तलाउ, फूलबारी, बनबगैंचा र तपोभूमिका रूपमा प्रसिद्ध रहेको यो धाम आज संरक्षणको पर्खाइमा छ। जहाँ सिद्ध महात्माहरू ध्यानस्थ हुन्थे, जहाँ भक्तजनहरू प्रसाद ग्रहण गर्थे, जहाँ धर्म र सेवा जीवनको केन्द्र थियो, त्यही स्थानहरू आज व्यवस्थापनहीनता, बेवास्ता र लोभको सिकार बनेका छन्।

मठमन्दिरहरूको सम्पत्ति धर्म, संस्कार, भोगराग, पूजा, भण्डारा, साधुसेवा र जनकल्याणका लागि थियो। तर कतिपय स्थानमा यस्ता सम्पत्तिको संरक्षण हुन सकेन। यसले जनआस्था कमजोर बनाएको छ। धार्मिक संस्थाहरूको पारदर्शिता, उत्तरदायित्व र पुनर्संरचना आजको आवश्यकता बनेको छ।

जनकपुरधामका प्रख्यात मन्दिरहरू– जानकी मन्दिर, राम मन्दिर, लक्ष्मण मन्दिर, राजदेवी मन्दिर, रत्नसागर क्षेत्र, हनुमानगढी, कुपेश्वरनाथ, दशरथ मन्दिर, कपिलेश्वरनाथ लगायत असंख्य कुटी-आश्रमहरूले अझै पनि धार्मिक परम्परालाई जीवित राखेका छन्। कतिपय संस्थाहरूले रथयात्रा, कलश यात्रा, भजन, कीर्तन, रामायण पाठ, झाँकी, सांस्कृतिक कार्यक्रम र सामूहिक पूजा गर्दै परम्परा जोगाइरहेका छन्। यिनलाई राज्य र समाज दुवैले साथ दिनुपर्छ।

आजको सबैभन्दा ठूलो प्रश्न हो–के हामीले आफ्नै गौरवलाई चिनेका छौँ? यदि चिनेका छौँ भने संरक्षणमा किन ढिलाइ? यदि सम्मान गर्छौँ भने जानकी जयन्तीलाई राष्ट्रिय स्तरमा अझ भव्य किन नबनाउने? यदि जनकपुरधाम हाम्रो धरोहर हो भने यसको योजनाबद्ध विकास किन नगर्ने?

जानकी जयन्तीलाई राष्ट्रिय महोत्सवका रूपमा मनाउन सकिन्छ। जनकपुरधामलाई सांस्कृतिक राजधानीको रूपमा विकास गर्न सकिन्छ। धार्मिक पर्यटनको अन्तर्राष्ट्रिय केन्द्र बनाउन सकिन्छ। सरोवर पुनर्जीवन अभियान सञ्चालन गर्न सकिन्छ। पुराना मठमन्दिरको अभिलेखीकरण, पुनर्निर्माण र संरक्षण गर्न सकिन्छ। मिथिला कला, भाषा, वेशभूषा, भोजन र संगीतलाई विश्वबजारसम्म पुऱ्याउन सकिन्छ।

यसका लागि सरकार, स्थानीय तह, गुठी संस्था, धार्मिक संस्था, बुद्धिजीवी, युवा, महिला समूह र नागरिक समाज सबै एकजुट हुनुपर्छ। केवल आलोचना गरेर धरोहर जोगिँदैन; सामूहिक अभियान आवश्यक हुन्छ।

जानकी माताको जीवनले सिकाउने मूल शिक्षा के हो? शक्ति भएर पनि विनम्र रहनु। दुःखमा पनि धैर्य नछोड्नु। अपमानमा पनि मर्यादा कायम राख्नु। कठिनाइमा पनि सत्य नत्याग्नु। आज हाम्रो समाज, राजनीति र राज्यलाई यिनै मूल्यहरूको आवश्यकता छ।

आज परिवर्तनको नारा धेरै सुनिन्छ, तर परिवर्तन शब्दले मात्र हुँदैन। परिवर्तन चेतनामा हुनुपर्छ। नीति, व्यवहार र प्राथमिकतामा देखिनुपर्छ। यदि राज्यले आफ्नै सांस्कृतिक पहिचानप्रति संवेदनशीलता देखाउँछ भने त्यो वास्तविक परिवर्तनको संकेत हुनेछ।

जानकी जयन्तीको अवसरमा राज्यले जनकपुरधामका सम्पदाको संरक्षण, धार्मिक पर्यटन प्रवर्द्धन, सडक-सफाइ, सरोवर पुनर्जीवन, सांस्कृतिक कार्यक्रम, अन्तर्राष्ट्रिय सम्मेलन र योजनाबद्ध विकासको घोषणा गर्न सक्छ। यसले केवल जनकपुरधामलाई होइन, सम्पूर्ण नेपाललाई लाभ पुऱ्याउँछ।

हामीले बुझ्नुपर्छ–आफ्नो इतिहासलाई सम्मान नगर्ने राष्ट्रको भविष्य कमजोर हुन्छ। आफ्नो संस्कृति बिर्सने समाज दिशाहीन हुन्छ। आफ्ना आदर्श व्यक्तित्वलाई उपेक्षा गर्ने पुस्ता नैतिक संकटमा पर्छ। त्यसैले जानकी जयन्तीको सम्मान केवल धार्मिक आवश्यकता होइन, राष्ट्रिय आवश्यकता हो।

यस वर्षको श्रीजानकी नवमीको शुभ अवसरमा जनकपुरधामका प्रत्येक मठमन्दिर, कुटी, आश्रम र घरघरमा श्रद्धा, शान्ति र उत्साहको दीप प्रज्वलित होस्। धार्मिक संस्थाहरूमा शुद्धता, उत्तरदायित्व र सेवा भाव जागोस्। राज्यमा संवेदनशीलता जागोस्। समाजमा एकता बढोस्।

माता श्रीजानकीले सम्पूर्ण नेपाली जनतालाई सद्बुद्धि, शान्ति, समृद्धि र सदाचार प्रदान गरून्। जनकपुरधामको गौरव पुनर्जीवित होस्। हाम्रो इतिहास सुरक्षित रहोस्। हाम्रो संस्कृति विश्वमाझ उज्यालो बनोस्।

अन्त्यमा, श्रीजानकी जयन्तीको पावन अवसरमा सम्पूर्ण श्रद्धालु, पाठकवृन्द र नेपाली दाजुभाइ दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना।

*जय सियाराम। जय जनकपुरधाम।*

# सिमरा सेजको जग्गा खाली गर्न निर्देशन

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाल सरकारले बाराको सिमरा विशेष आर्थिक क्षेत्र (सेज) भित्र अतिक्रमित ५०० बिघा सरकारी जग्गा खाली गर्न निर्देशन दिएको छ।

उद्योग मन्त्रालय अन्तर्गतको सेज प्राधिकरणले जीतपुरसिमरा उपमहानगरपालिकालाई पत्र लेख्दै अतिक्रमण हटाउन उर्दी दिएको हो। वडा नम्बर ४, १४ र १५ का विभिन्न ब्लकहरूमा केही व्यक्तिले अनुमति बिना घर-टहरा बनाएका छन् र खेतीपाती गरेर जग्गा कब्जा गरेको भन्ने कुरा पत्रमा उल्लेख छ।




प्राधिकरणले पटक-पटक आग्रह गर्दा पनि अटेर गरेपछि अहिले कडा कदम चाल्नुपरेको जनाएको छ। अब त्यहाँ बनेका घर-टहरा हटाउन, लगाइएका बाली उठाउन र नयाँ बाली नलगाउन सबैलाई जानकारी गराउन भनिएको छ । सिमरा सेज ५ वटा ब्लकमा विभाजन गरिएको छ। 'ए' ब्लकको केही भाग बाहेक बाँकी अधिकांश जग्गा अतिक्रमणमा परेको छ।

यसअघि पनि उद्योग मन्त्रालयले पटक-पटक अतिक्रमण हटाउन पत्राचार गरेको थियो । तर काम अघि नबढेपछि पुरानो मन्त्रिपरिषद् को निर्णय अनुसार फेरि निर्देशन दिइएको हो।

जग्गाको भाडा घटेपछि अहिले सेजमा उद्योग खोल्न चाहनेहरूको संख्या बढेको छ। तर अतिक्रमणका कारण नयाँ उद्योगका लागि जग्गा अभाव भइरहेको छ।

स्वास्थ्यमा ध्यान दिऔं ।

- सन्तुलित र पोषणयुक्त खाना खाऔं,
- नियमित योग, ध्यान, व्यायामर हिँडडुल गरौं,
- शारीरिक क्रियाकलापमा सक्रिय बनौं,
- सरसफाईमा विशेष ध्यान दिऔं,
- बालबालिकालाई समयमै दोप लगाऔं,
- नियमित स्वास्थ्य परीक्षण गरौं,
- धुम्रपान, मदिरा र लागुपदार्थको प्रयोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं,
- स्वास्थ्यसम्बन्धी जानकारी आधिकारिकस्रोतबाट लिऔं ।

स्वस्थ जीवनशैली अपनाऔं, स्वस्थ बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८